CC-0. Digitized by eGangotri and MIDE, Delhi

शिक्षानीतिमा आमूल परिवर्तन
र
संविधान संशोधनको प्रारूप

सिङ्गो नेपाल नै बेवारिस जस्तै भएको यस अवस्थामा नेपाल आमा र सम्पूर्ण नेपालीहरूको कसम खाएर राज्यसत्ता हत्याउने मात्र चलखेल नगरी मानिस बन्ने मानवीय विचारसहितको पत्राचार अवश्य नै गर्नुहोला । धन्यवाद !

. . . . . .

. . . . . .

. . . . . .

सम्पर्कका लागि

०६१-५२५३९३, पोखरा

पो.ब.नं ३७२, पोखरा

लेखक तथा प्रकाशक

प्रा. डा. भूपति ढकाल "कमल"

यस्तै-यस्तै सामग्रीहरू प्रकाशन गर्नका लागि सहयोग स्वरूप रू. १५।- मात्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi -

शिक्षानीतिमा आमूल परिवर्तन

र

संविधान संशोधनको प्रारूप

सिङ्गो नेपाल नै बेवारिस जस्तै भएको यस अवस्थामा नेपाल आमा र सम्पूर्ण नेपालीहरूको कसम खाएर राज्यसत्ता हत्याउने मात्र चलखेल नगरी मानिस बन्ने मानवीय विचारसहितको पत्राचार अवश्य नै गर्नुहोला । धन्यवाद !

. . . . . .

. . . . . .

. . . . . .

सम्पर्कका लागि

०६१-५२५३९३, पोखरा

पो.ब.नं ३७२, पोखरा

लेखक तथा प्रकाशक

प्रा. डा. भूपति ढकाल "कमल"

यस्तै-यस्तै सामग्रीहरू प्रकाशन गर्नका लागि सहयोग स्वरूप रू. १५।- मात्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पणसहितको हार्दिक श्रद्धाञ्जलि

१९९७ सालदेखि हालसम्म प्रजातन्त्र स्थापना, पुनर्बहाली र संरक्षण एवं सम्बर्द्धनका लागि शहादत प्राप्त गर्नुभएका सदास्मरणीय ज्ञात अज्ञात अमर शहीदहरूसहित नेपाली राजनीतिका शीर्षक व्यक्तित्त्व महामना विश्वेश्वर प्रसाद कोइराला, सुवर्ण शम्शेर, पुष्पलाल एवं गणेशमान सिंहज्यूप्रति २२औं बी.पी. स्मृति दिवसको यस पावन अवसरमा समर्पणसहितको हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु ।

प्रा.डा. भूपति ढकाल "कमल"

प्रथम प्रकाशन : २०६० साउन ६ गते
२२औं बी.पी. स्मृति दिवस
मुद्रक : सिग्देल प्रेस, कुँडहर, पोखरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रा चाहनाको मूलभूत पक्ष : शिक्षानीतिमा आमूल परिवर्तन

प्रा. डा. भूपति ढकाल "कमल"

१. परिचय :

कुनै पनि देशको बहुआयामिक विकास गर्ने काममा शिक्षाको नै सर्वोपरि स्थान रहेको हुन्छ, किनभने हरेक क्षेत्रमा आवश्यक पर्ने प्रारम्भिकस्तरदेखि अनुसन्धानस्तरसम्मको दक्ष जनशक्तिसहित विभिन्न विषयमा विशेष ज्ञान भएका विशेषज्ञहरू उत्पादन गर्ने काम शिक्षाद्वारा नै हुने गर्दछ। तसर्थ शिक्षाका बारेमा अत्यन्तै संवेदनशील बनी कस्तो शिक्षानीति बनाउँदा सिंगो नेपाल र नेपालीहरूलाई कुन रूपमा कसरी समुन्नत बनाउन सकिन्छ, तदनुकुलको शिक्षानीति बनाएर कार्यान्वयनमा तीव्रता ल्याउनुपर्दछ, ढिलाइ गर्न हुँदैन। यसरी शिक्षालाई सञ्चालन गर्न थालियो भने हामी नेपालीहरूको चाहना क्रमशः एकपछि अर्को गरी पूरा गर्दै जान सबल र सक्षम हुनेछौं। अतः शिक्षानीतिमा आमूल परिवर्तन आजको अपरिहार्य आवश्यकता हो। तसर्थ प्रस्तुत सन्दर्भलाई स्पष्ट पार्दै ई. सन्को २१औं शताब्दीलाई हाँक्न-हकाउन सबल, सक्षम र समय-सापेक्ष कस्तो खाले शिक्षानीति हुनुपर्दछ, त्यतातिरै सम्पूर्ण नेपालीहरूको ध्यान आकृष्ट गराउँछु।

२. शिक्षाको वर्तमान अवस्था र विसंगतिहरू :

आजसम्म (२०५९ फागुन २१) नेपालमा साधारण शिक्षाको त कुरै नगरौं : प्राविधिक शिक्षासमेत प्रमाणपत्र प्राप्त गर्ने माध्यमको रूपमा मात्र सञ्चालित छ। यस्तो किसिमसँग सञ्चालित रोजगारमूलक शिक्षाको अभावले गर्दा शैक्षिक बेरोजगारी दिनप्रतिदिन बढ्दै गइरहेको छ। नयाँ सीप र प्रविधिको खोज गर्ने वातावरण नै तयार भएका छैनन्। त्यही वातवरणको अभावमा क्षमतावान जनशक्ति विदेशिन बाध्य छ। नयाँ सीप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र नयाँ प्रविधिको खोज गर्नेहरूलाई आवश्यक रूपले प्रोत्साहित गरिदैन । एकातिर यो अवस्था छ भने अर्कोतिर, नेपाललाई आवश्यक शिक्षानीति नै नभएकाले नेपाल र नेपाली अभिभावकको लगानी अनुत्पादक बनी यसबाट कैयौं विकृतिसमेत दिनप्रतिदिन थपिदैं छ । तसर्थ :

क. कृषि, विद्युत, उद्योग, चिकित्सा, इन्जियिरिङ, वाणिज्य, हस्तकला, वास्तुकला, खनिज पदार्थको खोजी र यस्तै अन्य विषयमा समेत नयाँ-नयाँ प्रविधिको खोज गर्ने जुन सस्तो, टिकाउ र सर्वसुलभ पनि होस् आदि जस्ता कैयौं क्षेत्रहरूलाई समुन्नत पार्नसक्ने शिक्षानीति निर्माण गर्नुपर्ने आजको सर्वाधिक चासोको विषय हो ।

ख. अन्य देशहरूमा झैं नेपालमा पनि लामो समयदेखि परम्परागत रूपमा शिक्षाप्रणाली प्रचलनमा थियो । २००४ सालतिर शिक्षालाई आधुनिक रूपमा सञ्चालन गर्नेतिर केही सोचियो । त्यो क्रमलाई नेपाली कांग्रेसको नेतृत्वमा भएको २००७ सालको सफल जनक्रान्ति पछिका दिनहरूमा क्रमशः संस्थागत रूपमा २००९, २०११, २०१८, २०३९-४० का शिक्षा समिति एवं आयोगमा केही सोचविचारसहित छलफल गरी तदनुकुल कार्यक्रमहरू बनाएर लागुसमेत गरिए, तर शिक्षानीति जुन रूपमा तयार हुनुपर्थ्यो (केही अपवादलाई छोडेर) त्यो नभए पनि केही ठोस कार्यक्रमहरूसहित लागु गर्ने प्रयासहरू भए । तत्कालीन सरकारमा बस्नेहरूमा विवेकपूर्ण साहससहित दिर्घकालीन विचारको अभावले दिर्घकालीन र ठोस उपलब्धिमूलक हुन सकेनन् । नेपाल र नेपालीहरूलाई आवश्यक पर्ने शिक्षानीतिका सम्बन्धमा सम्बन्धित क्षेत्रको ध्यान पटक्कै गएन । कारिन्दा बनाउने शिक्षालाई नै प्रोत्साहित गरियो, जसलाई अंग्रेजहरूले भारतमा भारतीयहरूलाई कारिन्दा मात्र बनाउन लागु गरेका थिए ।

नेकांको नेतृत्वमा तत्कालीन वाममोर्चासहित भएको २०४६ सालको जनआन्दोलन सफल भएपछि पनि नेकांको एकमना सरकारले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाल र नेपालीहरूको आवश्यकता अनुरूपको शिक्षानीति बनाउने उद्देश्यले गठित राष्ट्रिय शिक्षा आयोगले समेत आशातीत प्रतिवेदन दिन सकेन । यस प्रतिवेदनमा प्राथमिक तहको (१-५) कक्षा १-३ सम्मलाई आधारभूत शिक्षा, १० जोड २, स्नातक तहको शिक्षामा साधारण, शिक्षाशास्त्र, विज्ञान, व्यवस्थापन र संस्कृतमा साधारण वा अनर्ससहितको ३ वर्षे कार्यक्रम र विद्यावारिधिका लागि एमफिल गर्नुपर्ने (त्यो लागु हुन अझै नसकेको) जस्ता केही नयाँ कुराहरू पुरानै परिपाटीमा प्रस्तुत गर्ने तत्परता देखाए तापनि विगतका दिनहरूमा खड्किरहेका रोजगारमूलक शिक्षाको अभावसहितका शिक्षा क्षेत्रमा देखिएका जति पनि विसंगतिहरू थिए, तिनलाई हटाउने कार्यक्रम आएनन् । यसको कारण हो, भारत वेलायतको उपनिवेश राष्ट्र भएको समयमा सम्पूर्ण भारतीयहरूलाई कारिन्दा बनाउने उद्देश्यले वेलायती अंग्रेजहरूले, जुन शिक्षानीति भारतमा लागु गरेका थिए, त्यही शिक्षानीतिको अनुशरण प्रजातन्त्र पुनर्बहालीपछिको नेपालले आजसम्म गरिरहेको छ ।

यसरी प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्म सरकारी र निजीस्तरमा नेपालका शिक्षण सस्थाहरू सञ्चालित छन् । ती शिक्षण संस्थाहरूमा प्राथमिक तहदेखि उच्चमाध्यमिक तहसम्मका विद्यालयहरू क्याम्पसहरू (यिनलाई महाविद्यालय, कलेज र विद्यापीठ भनेको पनि पाइन्छ) र विश्वविद्यालयहरू पर्दछन्, भन्नुपर्दा र यसरी लेख्नुपर्दा केही सोचविचार भएका केही स्वाभिमानी नेपालीहरूको सिर लज्जाले निहुराउनुपर्ने भएको छ, किनभने यस कृत्यले नेपालमा सोचविचार भएका मानिसहरू छैनन् त ? भन्ने अन्तर्राष्ट्रिय स्तरमा समेत देखिएको छ । यस किसिमको कलंकलाई चुपचाप सहिरहने कि ? शिक्षाक्षेत्रमा नेपाल सुहाउँदो आमूल परिवर्तन गर्ने यही नै अहम् प्रश्न भएकाले एउटा सचेत नागरिकको हैसियतले तत्सम्बन्धमा प्रस्तुत शीर्षकलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पष्ट पार्नेकाम गरेको छु ।

ग. नेपाल गरीब छ । त्यसैले हामी नेपालीहरू पनि गरीब छौं, तर आर्थिक रूपमा होइन सोचाइमा अति नै गरीब रहेछौ । त्यसमा पनि नीति निर्माताको अधिकार लिएका र पाएकाहरू अतिदरिद्रतम सोचाइका प्रतिमूर्ति नै भएकाले सिंगो नेपाल नै अनेकौं विसंगति नै विसंगतिको बन्धक बन्न पुगेको छ । तसर्थ यही अतिदरिद्रतम सोचाइ नै नेपाल र नेपालीहरूका लागि सबै भन्दा ठूलो अभिशाप साबित भएको छ । **'म मात्र होइन, हामी सबैले सम्पन्न बनेर बस्ने बातावरण तयार पारौं'** भन्ने सोचाइ गरेर त्यस अभिशापबाट हामीले मुक्ति पाउनै पर्दछ । यसका लागि शिक्षाले अतिमहत्त्वपूर्ण ठाउँ ओगटेको हुन्छ । यसर्थ शिक्षालाई नेपाल र नेपालीहरूको आवश्यकता अनुरूप परिवर्तन गरेर परिचालन गराउनु पहिलो आवश्यकता हो । आजसम्म संचालित हाम्रो शैक्षिक कार्यक्रम:

१. एकातिर शिशुस्तरदेखि कक्षा १० सम्म नि:शुल्क पठनपाठन गराउने सरकारी खर्चमा संचालित विद्यालय छन् भने अर्कोतिर अतिमहंगा सर्वसाधारणले पढाउनै नसक्ने निजीस्तरमा संचालित विद्यालयहरू कार्यरत छन् । सरकारीस्तरमा संचालित विद्यालयहरूको तुलनामा निजीस्तरका विद्यालयहरूको पढाइ केही बढी नै नियमित हुने गर्दछ । सरकारीस्तरका विद्यालयहरूको पाठ्यक्रममा एकरूपता छ भने निजीस्तरका विद्यालयहरूमा कक्षा ५ र ८ मा जिल्लास्तरीय वार्षिक परीक्षा हुनेहुँदा मात्र एकरूपता भएर पनि बाँकी ७ कक्षासम्मका कक्षाहरूमा एकरूपता पाइँदैन । नेपालको शिक्षाक्षेत्रमा यो एक विसंगतिपूर्ण गम्भीरतम चुनौती हो, किनभने यसले सिंगो नेपाललाई कतातिर लान खोजेको हो, तत्सम्बन्धमा सम्बन्धित क्षेत्रको ध्यान पटक्कै गएको पाइँदैन । यो एक थप चिन्ताको विषय हो ।

२. कक्षा १० सम्म एउटैखाले पाठ्यक्रम हुनु जरूरी छ । उच्चमाविमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि यही प्रक्रिया अपनाउनुपर्दछ । यसो गर्दा शैक्षिकक्षेत्रमा देखा परेका विसंगतिहरू हटाउन धेरै सहयोग प्राप्त हुन जानेछ ।

३. यो पंक्ति लेख्ने वेलासम्म ५ वटा विश्वविद्यालयहरू कार्यरत भएकाले यी वि.वि.का आंगिक क्याम्पसहरू र स्वीकृत मात्र लिएका क्याम्पसहरूको मिल्दो वा समान तहमा भिन्नाभिन्नै पाठ्यक्रम हुनु स्वाभाविक छ, तापनि पूर्णत: भिन्न रूपको वनाउनु राष्ट्रहितका लागि त्यति राम्रो हुँदैन, किनभने प्रस्तुतिगत भिन्नतासे गर्दा पनि हरेक विवि आफ्नोपन देखाउन सफल बन्न सक्दछन् । कारण **'एउटै गीत गाउने पनि भिन्नाभिन्नै भाका हुन्छ'** (भीमनिधि तिवारी) भन्ने कुरा शिक्षाक्षेत्रमा पनि कार्यान्वयन गर्न सकिन्छ ।

४. सरकारी ठोस नीतिको अभावमा निजीस्तरका विद्यालयहरूले आफूखुशी विभिन्न शुल्क लगाउने गर्दछन् । यस विषयमा जुनसुकै शीर्षकअन्तर्गत भए पनि वढीमा यतिसम्म शुल्क मात्र यो तहमा लगाउन पाउने भन्ने कडा नियम वनाएर कडाइका साथ कार्यान्वयन गराएमा शैक्षिक क्षेत्रको व्यापारीकरण दुरूत्साहित बन्नेछ । यो प्रक्रिया वि.वि. स्तरमा पनि लागु गर्नुपर्छ, होइन भने शिक्षा सर्वसाधारण आमजनताका लागि नभई केही धनाढ्य व्यक्तिहरूका लागि मात्र हुनेछ । नेपालमा सयकडा २ जना जति मात्र धनाढ्य होलान् र ८ जना जति धनाढ्य बन्नतिर लागेकाहरूको समेत गणना गर्दा सयकडा ९० जनाभन्दा वढी नेपालीलाई वेवास्ता गरेर संचालन गरिने शिक्षालाई पूर्णत: निरूत्साहित पार्नुपर्छ । यस सम्वन्धमा सवै नेपालीहरू सचेत वन्नुपर्छ । नेपाल वर्वाद हुनै लागिसक्यो, ढिलो गर्नुहुन्न ।

घ. संसारका विकसित देशहरूमा विद्यालयस्तरको शिक्षा अतिसस्तो एवं सर्वसुलभ भएको र वि.वि. स्तरको महंगो छ । यही कारणले गर्दा जापान, अमेरिका, वेलायत, जर्मनी, फ्रान्स आदि देशहरूका जनताहरू शिक्षाको उज्यालोबाट वञ्चित भएका छैनन् । ती देशहरूले शिक्षालाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महत्त्वपूर्ण पक्षको रूपमा स्वीकारेकाले त्यसरी प्रगति गर्न सकेका हुन् । नेपालमा ठीक यसको विपरित विद्यालयहरूको (सरकारी विद्यालयहरूलाई छोडेर) शिक्षा अतिमहंगो र वि.वि. स्तरको महेन्द्र संस्कृत विश्वविद्यालयको त कुरै नगरौं त्रिविअन्तर्गतका आंगिक क्याम्पसहरूको शिक्षा अतिसस्तो छ। त्रिविका आंगिक क्याम्पसहरूमा सयकडा ९० जनाभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् । यहाँ स्मरणीय कुरा के छ भने ठोस सरकारी नीतिको अभावका साथै राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदन अनुरूप वि.सं. २०५७ सम्ममा त्रिविको प्रवीणता प्रमाणपत्र तहलाई पूर्णरूपले १० जोड २ मा लाने भनिए तापनि फेरि म्याद थपेर २०६० सम्ममा उक्त कार्य पूरा गर्ने भन्ने कुरा प्रकाशमा आएको थियो, तर पनि सरकारमा बस्नेहरूको साहसरहित विवेकहीनताले गर्दा यस सम्बन्धमा अब त चर्चासम्म हुन छाडेकाले र त्रि.वि.का आंगिक क्याम्पसहरूमा हरेक वर्ष चाप बढ्दै जानु निश्चय नै सिंगो नेपाल र वास्तविक नेपालीहरूका लागि सबैभन्दा ठूलो चिन्तायुक्त दुर्भाग्य हो भन्नै पर्दछ ।

नेपालको वर्तमान शिक्षाप्रणालीमा उल्लिखित विषयसँग सम्बन्धित अनेकौं विकृतिपूर्ण विसंगतिहरू छन्। तसर्थ तिनलाई समाप्त गर्नसक्ने आधार तयार नपारेसम्म ई. सन्को २१औं शताब्दीमा पनि हामी नेपालीहरू त्यसमा पनि नेतृत्व र सत्ता सम्हालेकाहरू विचारगत रूपमा **'बाटो पनि नछोड्ने अघि पनि नजाने'** भनिने उखानलाई चरितार्थ गराउँदै विचारगत रूपमा अतिदरिद्रतम रहिरहने संकेतहरू तिनका अहिलेसम्मका हरेक क्रियाकलापले स्पष्टसँग देखाइरहेको छ। जसरी २९ वर्ष र करीब ४ महिने पञ्चायती शासन समाप्त गर्न, जुन उद्देश्यले प्रजातन्त्र पुनर्बहालीको संघर्ष लडिएको थियो, आज प्रजातन्त्र पुनर्बहाली भएको १३ वर्ष समाप्त हुन करिब १ महिना बाँकी (२०५९ फागुन २१) रहेको अवस्थामा पनि शिक्षा क्षेत्र पहिलेकै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेकौं विकृतिपूर्ण विसंगतिहरू झन्-झन् थपिदै संचालित हुँदै जानाले परिणाम यस्तो हुनेछ २१ औं शताब्दी सुहाउँदो शिक्षा सर्वसाधारण जनताका लागि नभई नवधनाढ्यहरूका लागि मात्र हुँदै जानेछ, जसको संख्या सयकडा १० जनाको पनि छैन । ती सर्वसाधारण जनताहरू क्रमशः दिन-प्रतिदिन २१ औं शताब्दी सुहाउँदो वास्तविक शिक्षाबाट वञ्चित हुँदै जानेछन् । यसले गर्दा सयकडा ९/१० जना नवधनाढ्य बन्दै जानेछन् भने सयकडा ९०/९२ जना नेपालीहरू दिन- प्रतिदिन झन्-झन् गरीब हुँदै जालान् । तसर्थ :

उल्लिखित सबै विकृतिपूर्ण विसंगतिहरू हटाउन शिक्षामा सामाजिकीकरण नेपालको वर्तमान सन्दर्भमा अपरिहार्य आवश्यकता बन्न पुगेको छ, किनभने नेकांको घोषित नीति अनुरूप विगतमा कक्षा १० सम्म पूर्णतः निःशुल्क गर्दा पनि शिक्षामा आशा गरेजति सफलता प्राप्त हुन सकेन । त्यस्तै निजीस्तरमा गराइने पठन-पाठन सर्वसाधारण जनताको पहुँचभन्दा बाहिरको बन्न पुग्यो । यसर्थ :

३. शिक्षामा सामाजिकीकरण :

आज नेपालका विद्यालयहरू एकथरि शिशु कक्षादेखि १० कक्षासम्म पूर्ण सरकारी र अर्काथरि निजीस्तरमा निजीकरणको रूपमा संचालित छन् । त्यस्तै उच्च मावि स्तरको १० जोड २ र वि.वि. स्तरको शिक्षा पनि अतिमहंगो हुनुका साथै त्रिविका आंगिक क्याम्पसहरूमा नाम मात्रको शिक्षण शुल्क तिरेर विद्यावरिधिसम्मको पठन-पाठन हुने भएकाले समतामूलक समाज निर्माण गर्नमा यस किसिमको शिक्षानीति पूर्णतः असफल बन्ने निश्चित छ । कारण सयकडा ९०/९२ जना नेपालीहरूको अव्यक्त-व्यक्त चाहना अनुरूप २१ औं शताब्दीको विकास निर्माणको प्रतिस्पर्धात्मक युगमा हामी क्रियाशील बन्नै सक्नेछैनौं, किनभने अहिले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
संचालित हाम्रा शिक्षण संस्थाहरू केही शैक्षिक बेरोजगार मात्र बढाउने खालका छन् भने केही नवधनाढ्याहरूका लागि मात्र संचालित छन् ।
तसर्थ :

अब हाम्रो शिक्षानीति यस्तो हुनुपर्‍यो, पूर्ण सरकारीकरण पनि होइन, त्यस्तै पूर्ण निजीकरण पनि होइन, यसको समाधान गर्ने एक मात्र आधारतपूर्ण सामाजिकीकरण नै हो । त्यसैले :

क. सर्वप्रथम शिक्षालाई सामाजिकीकरण गर्न किन आवश्यक भयो भन्ने विषयमा सबै बुझेपालीहरूलाई आवश्यक जानकारी गराउने उद्देश्यले निम्न लिखित विषयहरू सटीक रूपमा अभिव्यक्त भएको एउटा सार्वजनिक अपिलपत्र प्रकाशमा ल्याउनुपर्दछ । त्यस अपिलपत्रमा:

१. कक्षा १० सम्मको पढाइ पूरा नि:शुल्क गराउँदा पनि सरकारी विद्यालयहरूप्रतिको आर्कषण घट्नुमा के-कस्ता कारणहरू छन् ?

२. निजीस्तरमा संचालित विद्यालयहरूमा :

अ. कक्षा ५ बाहेक ७ सम्म पाठ्यक्रम भिन्ना-भिन्नै राख्न दिनुको औचित्य ?

आ. महंगो शुल्क तिरेरै भए पनि आफ्ना सन्तानलाई त्यस्ता विद्यालयहरूमा पढाउन अभिभावकहरू किन बाध्य भए ?

इ. पाठ्यक्रममा एकरूपता र यो-यो तहमा यसभन्दा बढी कुनै बहानामा पनि विद्यार्थीहरूबाट शुल्क वा अन्य कुनै सहयोग लिन नपाउने भन्ने सरकारले ठोस नीति र कार्यान्वयन गर्न नसक्नुको अदृश्य-दृश्य रहस्य ?

३. यति-यति कारणले शिक्षालाई सामाजिकीकरण गर्न अत्यावश्यक भएको हो भन्ने विषयहरू विशेष रूपमा अपिलमा समावेश गरिनुपर्दछ ।

ख. सामाजिकीकरण गर्ने शिक्षानीति सम्बन्धी आवश्यक राय सुझावका लागि भनेर एउटा प्रश्नावली तयार गरी राष्ट्रव्यापी रूपमा जिल्लाशिक्षा कार्यालय मार्फत ७५ वै जिल्लाबाट राय-सुझाव संकलन गरी त्यसैलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आधार मानी व्यापक छलफल गरेर शिक्षानीति बनाउनु पर्दछ ।

ग. शिक्षालाई सामाजिकीकरण गर्न शिक्षा मन्त्रालयले एउटा आयोग नै गठन गरी शिक्षा क्षेत्रमा देखिएका अन्योललाई हटाउनुपर्दछ । त्यस आयोगले ७५ वटै जिल्लाबाट प्राप्त राय-सुझावका आधारमा शिक्षालाई विद्यालयदेखि विविसम्म पूर्णरूपले सामाजिकीकरण गर्ने ठोस कार्यक्रम बनाएर ७/८ महिनाभित्र आफ्नो प्रतिवेदन बुझाउने समयावधि तोकिनु पर्दछ । कार्यक्रम ५ वर्ष भित्रै लागु गर्नसक्ने गरी बनाउनुपर्छ । पाठ्यक्रम कस्तो खाले बनाउने र तिनको पठन-पाठन कुन रूपमा कसरी गर्ने भन्ने कुरा '४' नं. का विभिन्न बुँदाहरूका आधारमा गराउँदा कुनै पनि तहको शिक्षित जनशक्ति बेरोजगार रहन नपर्ने अवस्था सिर्जना हुनेछ ।

घ. विद्यालयस्तरदेखि वि.वि. सम्मको पठन-पाठनलाई व्यवस्थित बनाएर संचालन गर्नका लागि निम्न लिखित प्रक्रिया अपाउनुपर्दछ ।

१. व्यवस्थित बसोवास भए कम्तिमा ६५ र नभएमा कम्तिमा ४५ **घर-परिवार** भएको ठाउँमा आधारभूत शिक्षाको रूपमा कक्षा ३ सम्म पढाइ हुने विद्यालयहरू ४ जना शिक्षकको दरवन्दीसहित अनिवार्य रूपमा संचालन गरिनुपर्दछ । यसरी संचालन गरिएका विद्यालयहरूलाई योजनाबद्ध तरिकाले ठोस कार्यक्रमसहितको अभियानकै रूपमा सम्बन्धित क्षेत्रकै जनतालाई बढीभन्दा बढी जागरूक गराई तिनीहरूकै जिम्मा लगाएर '**सामाजिकीकरण**' गर्नुपर्दछ ।

२. शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, यातायात, वत्ती, स-साना उद्योग, वृक्षारोपण आदिको उचित व्यवस्था गर्न स्थानीय जनताको नै सक्रिय सहभागितामा स्थापना भएको **स्थानीय विकास निर्माण कोषमा** (स्थाविनिको) जम्मा भएको रकममध्येबाट शिक्षालाई भनी छुट्याइएको रकम र विद्यार्थीहरूले तिरेको शुल्कद्वारा ती सामाजिकीकरण गरिएका विद्यालयहरूलाई व्यवस्थित रूपमा संचालन गर्ने आधार बनाउनुपर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. स्थानीय विकास निर्माण कोषमा (स्थाविनिको) निम्नलिखित स्रोतबाट आर्थिक स्रोत जुटाएर कोषलाई व्यवस्थित रूपमा विकसित पार्ने कार्यक्रम बनाउनुपर्दछ ।

अ. त्यस ठाउँमा बसोबास भएका मानिसहरू प्रत्येकले तिनीहरूद्वारा नै **'फलाना फलानाले यति यति रकम मासिक रूपमा दिने'** भनी तोकिएको रकम,

आ. सरकारद्वारा विद्यालयलाई दिदै गरेको रकम, जुन विद्यालय सञ्चालन गर्नमा मात्र खर्च गर्नुपर्दछ अर्थात् जुनजुन शीर्षकमा सरकारले अनुदान दिएको छ, त्यहीत्यही शीर्षकमा खर्च गर्ने कार्यक्रम निर्माण हुनुपर्दछ ।

इ. कुनै दानशील मानिसद्वारा पटकपटकमा वा एममुष्ट विद्यालय संचालनार्थ भनी दान दिएको रकम ।

ई. हरेक गा.वि.स.लाई रू.५ लाख र सबै खाले नपाहरूमा श्री ५ को सरकारले हरेक वर्ष दिने रकम, जुन रकम **'यो यो विषयमा यो वर्ष यति रकम'** भन्ने निर्णय गा.वि.स. र सबैखाले नपाहरूले गरेका हुनेछन् ।

उ. जग्गा करको रूपमा उठाइने मालपोत र अन्य यस्तै करहरू त्यस ठाउँमा बसोबास गर्ने जनताले तिरेको ७५ प्रतिशत करको रकम ।

ऊ. कानूनतः लिन पाउने स्वदेशी वा विदेशी जुनसुकै निकायबाट प्राप्त हुने रकम र

ए. सार्वजनिक रूपमा रहेका त्यस क्षेत्रका जग्गाहरू त्यसै क्षेत्रमा बसोबास गर्नेहरूको सभाद्वारा बोलकबोल गराउने आधार तयार गरी हरेक वर्ष आवश्यक पर्नेहरूबीच बोलकबोल गराएर भोगचलन गर्दा प्राप्त हुन गएको रकम ।

यसरी उल्लिखित ७ वटा स्रोत नै मुख्य रूपले स्थाविनिकोको संचालनको आधार बनाउनुपर्दछ । यस कोषमा जम्मा भएको रकम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
जति धेरै भए पनि कर मुक्त पारिनुपर्दछ ।

४. कक्षा ४ देखि १० सम्म, १० जोड २ र विविस्तरका क्रमशः विद्यालय र क्याम्पसहरूसमेत '३.घ.३' का आधारमा निर्माण भएको त्यस क्षेत्रका स्थाविनिकोद्वारा समानुपातिक रूपमा प्राप्त गराइएको रकम र विद्यार्थीहरूले तिरेको शुल्कद्वारा सम्बन्धित क्षेत्रभित्र पर्ने विद्यालय र क्याम्पसहरू क्रमशः सामाजिकीकरण गर्दै संचालन गर्ने आधार बनाउनुपर्दछ ।

५. समयसापेक्ष रूपमा नेपालको आवश्यकता अनुरूप त्रिविमा जस्तो गरो नाम मात्रको शिक्षण शुल्क लिएर पनि होइन, का.वि.मा जस्तो महंगो पनि होइन, सर्वसाधारणको पहुँचभित्रै रहने गरी ठोस उच्चशिक्षाको नीति र कार्यक्रमहरू बनाएर विद्यालय र क्याम्पसहरू संचालन भइरहेका विविहरू सामाजिकीकरण गरेर प्रतिस्पर्धात्मक रूपमा संचालन गर्नुपर्ने आवश्यकता राष्ट्रहित एवं जनहितमा हुनेछ ।

४. तहगत पाठ्यक्रम र तालिम :

वर्तमान नेपालको शिक्षानीति मूलतः रोजगारमूलक नभएकाले दिनप्रतिदिन शैक्षिक बेरोजगारहरूको संख्या थपिदैछ । सरकारी वा कुनै गैरसरकारी संघसंस्थाहरूमा विज्ञापन भयो भने १ पदमा सयौंको आवेदन परेको हुन्छ । यसरी एकातिर शैक्षिक बेरोजगारहरूको संख्या तीव्रता रूपमा बढ्दै गएको छ भने अर्कातिर कुनै नयाँ किसिमको वा पुरानै परिपाटीका कलकारखाना खोलियो भने अनुसन्धान तहको दक्ष जनशक्तिको त कुरै नगरौं प्रारम्भिक तहको दक्ष जनशक्ति पनि हामीले या त विदेशबाट झिकाउनु पर्दछ, या प्रारम्भिक तहदेखि माथिल्लो तहसम्म विदेशमा नै तालिम लिन वा पढाउन पठाउनु पर्दछ । तसर्थ ई. सन्को २१औं शताब्दीलाई हाँक्नेहँकाउने हो भने कारिन्दा मात्र बनाउने खालको हाम्रो वर्तमान अनुत्पादक शिक्षानीतिको ठाउँमा रोजगारमूलक शिक्षानीति प्रयोगमा ल्याउन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
वर्तमान शिक्षानीतिमा व्यापक परिवर्तन गर्नुपर्दछ । यसका लागि पूरै राष्ट्रियकरण गरेर पनि होइन, निजीकरण पनि होइन, पूरै सामाजिकीकरण गरेर संचालन गरिंदा हामी क्रमशः आत्मनिर्भर बन्दै नेपालको आवश्यकता अनुरूप लक्षित ठाउँमा पुग्न सक्नेछौं । त्यसको परिणाम यो हुनेछ - शैक्षिक बेरोजगार नै नेपालमा रहने छैनन् । तसर्थ उल्लिखित पूर्ण रोजगारमूलक शिक्षानीति संचालनार्थ निम्न लिखित तहगत पाठ्यक्रम र तालिम दिने ठोस कार्यक्रम बनाउने आजको बल्दोजल्दो चुनौतीपूर्ण अपरिहार्य आवश्यकता हो :

क) शिशु कक्षादेखि ३ सम्मका पाठ्यक्रममा असल नागरिक बन्न र नेपाली संस्कृतिलाई जगेर्ना गर्न प्रेरणा दिनसक्ने बालोपयोगी विषयवस्तु समावेश गरिनुपर्दछ । यथासम्भव नेपाली नै लेखक र प्रकाशक हुनुपर्दछ । गुणस्तरयुक्त पठनपाठनका लागि बढीमा ३० जनासम्म विद्यार्थीहरू एउटा कक्षामा राख्ने व्यवस्था हुनुपर्दछ । कक्षा ३ सम्म तहगत रूपको ख्याल गरी नेपाली, अंग्रेजी, मातृभाषा, गणित, स्वास्थ्य, शारीरिक तथा वातावरण संरक्षण शिक्षा र कला (हस्तकला, चित्रकला, नृत्य, अभियन आदि) जस्ता विषयहरू राखिनुपर्दछ । कक्षा ४ र ५ मा उल्लिखित विषयहरूका साथै विज्ञान के हो ? यसको हाम्रो मानवजीवनमा के कस्तो महत्त्व छ ? जस्ता परिचयसहित विज्ञान विषय पनि समावेश गरिनुपर्दछ ।

कक्षा ६ देखि ८ सम्म र यसभन्दा अगाडिका विषयहरू नै तहगत रूपमा विकसित गर्दै अनिवार्य विषय बनाई ऐच्छिक रूपमा ऐच्छिक भाषा र पूर्ण व्यावसायिक विषयहरू, जुन त्यस क्षेत्रभित्र र नजिकका क्षेत्रहरूमा समेत पाइने प्राकृतिक स्रोत, साधन र भविष्यमा उत्पादन गर्न सकिने स्रोत साधनसम्बन्धी विषयमा आधारित पाठ्यक्रम तयार पारी पठनपाठन गराउनुपर्दछ । यस कारण रोजगारमूलक शिक्षाका लागि प्राथमिक स्तरदेखि अनुसन्धान स्तरसम्मको दक्ष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जनशक्ति उत्पादन गर्ने आधारशिलाको काम गर्नेछ ।

ख. १ कक्षा ९ र १० को पाठ्यक्रमका विषयहरू नेपाली, अंग्रेजी, गणित र विज्ञान अनिवार्य गरी ऐच्छिक र अतिरिक्त ऐच्छिक विषयहरू स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरमा रोजगारमूलक व्यावसायिक विषयहरूका पाठ्यक्रम बनाई पठनपाठन गराउनुपर्दछ । यसो गर्दा नेपालमा दिनप्रतिदिन बढ्दै अनेकौं विकृतिहरूको कारकतत्त्व बन्न पुगेको शैक्षिक बेरोजगारीको समस्या क्रमशः दिनप्रतिदिन कम हुँदै १५ वर्षमा नै समाप्त भएर जानेछ ।

२. एस.एल.सी. परीक्षा दिंदा लिइने **टेष्ट परीक्षामा** फेल भएका विद्यार्थीहरूलाई एकचोटि मात्र पुनः टेष्ट परीक्षा दिने मौका दिने र दोस्रो पटक पनि फेल हुने विद्यार्थीहरूलाई रोजगारमूलक व्यावसायिक शैक्षिक विषयको रूपमा जुनजुन विषय पढेका थिए त्यसै विषयमा **प्रारम्भिकस्तरको जनशक्ति** तयार गर्ने उद्देश्यले तालिम दिने व्यवस्था गरिनुपर्दछ । यस्ता तालिम केन्द्रहरू आवश्यकताअनुरूप नेपाल अधिराज्यमा हिमाली, पहाडी, उपत्यका र तराईका सबै क्षेत्रहरूमा संचालन गर्नुपर्दछ । तालिम दिने अवधि ४ महिनादेखि १० महिनासम्मको विषयगत सरलता र जटिलतालाई हेरेर निर्धारण गरिनुपर्दछ । तालिम दिने पाठ्यक्रम पूर्णत : प्रयोगात्मक बनाउनु आवश्यक छ, जुन सम्बन्धित तहमा पठनपाठन हुने विषयमा नै आधारित होस् । यो प्रक्रिया सबै तहमा अपनाउनुपर्दछ ।

ग) टेष्ट पास भएका, तर एस.एल.सी. मा फेल भएकाहरूले २ विषयमा असफल भएकाहरूलाई मौका परीक्षा दिने व्यवस्था कायमै राखी पुनः एकपटक फेलियर (असफल) विद्यार्थीको हैसियतमा मात्र एस.एल.सी. को परीक्षा दिन पाउने व्यवस्था गर्नुपर्छ । यति गर्दा पनि एस.एल.सी. उत्तीर्ण हुन नसकेकाहरू र प्रारम्भिकस्तरको जनशक्ति तयार गर्नका लागि दिइएको तालिममा ५० प्रतिशतभन्दा बढी अंक ल्याउनेहरूलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निम्नस्तरको जनशक्ति तयार पार्ने उद्देश्यले तालिमको व्यवस्था गर्नुपर्दछ ।

१. प्रवीणता प्रमाणपत्र तह वा १० जोड २ मा पठनपाठन हुने पाठ्यक्रमका विषयहरू राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा व्यवस्था भए भैं १. साधारण, २. पेशागत भनिएकोलाई पूर्णत: रोजगारमूलक, ३. प्राविधिक, ४. बहुप्राविधिक र ५. संस्कृतका विविध विषयहरूलाई क्षेत्रगत रूपमा ज्ञान र सीपको विशिष्टीकरण गर्ने क्रममा जुनजुन मा.वि. मा जुनजुन विषयहरू, किनभने **प्रारम्भिकस्तरको जनशक्तिदेखि लिएर अनुसन्धानस्तरसम्मको दक्ष जनशक्ति** तयार गर्ने गराउने उद्देश्य अनुरूप नेपालको शिक्षानीति बनाएर लागु गरिसकेको यो अवस्था हो । यस सम्बन्धमा:

४. ख, ग देखि ज सम्म क्रमश: प्रकाश पार्ने काम भएको छ । तिनै आधारमा दक्ष बन्न पुगेका सबै तहका शिक्षा एवं तालिम पाइसकेका सबै मानिसहरूले व्यक्तिगत रूपमा समूहगत रूपमा र सरकारी रूपमा कामगर्नसक्ने र कामगर्न पाउँनेछन् । जुनजुन विद्यालयमा जुनजुन विषय पठनपाठन गराइएको छ, तिनै विषयहरू पठनपाठन गराउने पाठ्यक्रम बनाएर कार्यान्वनय गराउनुपर्छ । यसै सन्दर्भमा स्मरणीय कुरा के छ भने यसभन्दा अगाडिको स्नातक र स्नातकोत्तर तहमा समेत तहगत रूपमा' विषयान्तर नहुने गरी एकपछि अर्को गर्दै उत्तरोत्तर विशिष्टीकरण गराउने उद्देश्यले मौलिक चिन्तन भए तदनुकुल र नभएमा नेपालको सन्दर्भमा एवं आवश्यकतालाई (दुवै प्रक्रियामा समेत) दृष्टिगत गरी व्यावहारिक रूपमा प्रयोग गर्न मिल्ने पाठ्यक्रम बनाएर कार्यान्वयन गर्ने ठोस शिक्षानीति बन्नुपर्छ । यसो गर्दा एस.एल.सी. देखि स्नातकोत्तरसम्म अध्ययन गर्नेहरूले एक तहपछि अर्को तह गर्दै तहगत रूपमा आवश्यक विशेष ज्ञान र सीप प्राप्त गर्दै जानेछन् ।

२. एस.एल.सी. उत्तीर्ण गरेका' तर ३५ प्रतिशत मात्र ल्याउनेहरू र **निम्नस्तरको जनशक्ति तयार** गर्ने उद्देश्यले संचालित तालिममा ५५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिशतभन्दा बढी अंक ल्याउनेहरू **साधारणस्तरको जनशक्ति बनाउने तालिम** दिइनुपर्छ। **३५ प्रतिशतभन्दा बढी अंक ल्याउनेलाई प्रवीणता प्रमाणपत्र वा १० जोड २ को तहमा पठनपाठन गर्नसक्ने** बनाउनुपर्छ।

३. एस.एल.सी. मा ३५ प्रतिशतभन्दा बढी अंक ल्याएको, तर निजी, घरेलु र अन्य कुनै कारणले यसभन्दा अगाडिको पढाइमा संलग्न हुन नसक्नेहरूसमेत बढी अंक ल्याएको आधारमा होइन "४.घ.२" सरह तालिममा सहभागी बन्नसक्ने व्यवस्था पनि बनाउनुपर्छ।

ङ. १ प्रवीणता प्रमाणपत्र तह वा १० जोड २ मा उत्तीर्ण भई ४५ प्रतिशतभन्दा बढी अंक ल्याएकाहरूलाई मात्र जुनसुकै विषयमा पठनपाठन गर्नसक्ने नियम हुनुपर्छ। यसका लागि "४ घ १" अनुरूप बनाइएका पाठ्यक्रमहरूको पठनपाठन गराउने व्यवस्था गरिनुपर्छ।

२. प्रवीणता प्रमाणपत्र तह वा १० जोड २ मा ४५ प्रतिशतभन्दा कम अंक ल्याएकाहरू, **साधारण स्तरको जनशक्ति** बनाउने तालिममा ५५ प्रतिशतभन्दा बढी अंक ल्याएकाहरू, र ४५ प्रतिशतभन्दा बढी अंक ल्याएका, तर "४ घ २" मा जस्तै कारण भएकाले **मध्यमस्तर को जनशक्ति** बनाउने तालिमको व्यवस्था गरिनुपर्छ।

च. १. नेपालभित्रका जुनसुकै विश्वविद्यालयबाट स्नातक तहमा ५५ प्रतिशतभन्दा बढी अंक ल्याएकाहरूलाई स्नातकोत्तर तहमा "४ घ १" ले निर्देशन गरे अनुरूपका हरेक विश्वविद्यालयले पाठ्यक्रम बनाई पठनपाठन गराउने नीतिनियम स्पष्ट हुनुपर्छ।

२. स्नातक तहमा ५५ प्रतिशतभन्दा कम अंक ल्याएकाहरू, **मध्यमस्तरको जनशक्ति** बनाउन दिइने तालिममा ५५ प्रतिशतभन्दा बढी अंक ल्याउनेहरू र "४ घ २" को कारण भएकाहरूलाई **अधिकृतस्तरको जनशक्ति तयार** गर्ने उद्देश्यले तालिमको व्यवस्था गरिनुपर्छ।

छ. १ नेपालमा संचालन भएका विश्वविद्यालयहरूबाट स्नातकोत्तर तहमा ६५ प्रतिशतभन्दा कढी अंक ल्याएकाहरूलाई तत्तत् विषयमा भएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुसन्धान कार्यलाई पुनर्मूल्यांकन गरी नेपालको परिप्रेक्षमा परिमार्जन गरी नवीनतम अनुसन्धान गर्नका लागि खुल्ला ठाउँमा उच्चस्तरको अनुसन्धान केन्द्र स्थापना गर्न ढिलाई गर्नुहुन्न । यस केन्द्रलाई कसरी कुन रूपमा स्थापना गरी संचालन गर्ने भन्ने आवश्यकतालाई मध्यनजर गरी नेपालमा खास रूपले आवश्यक पर्ने विषयहरूसँग सम्बन्धित क्षेत्रमा काम गर्दागर्दै विशिष्ट एवं विशिष्टतम अनुभव प्राप्त गरेकाहरू र सम्बन्धित विषयको स्नातकोत्तर तहमा उच्चतम अंक मात्र ल्याएका आधारमा होइन, विशेष किसिमको प्रतिभासमेत भएकाहरू समावेश गरिएका टोलीहरू गठन गर्नुपर्दछ । ती टोलीहरूलाई विभिन्न मित्रराष्ट्रहरूमा बढीमा दुई महिनासम्म तत्सम्बन्धी ठोस आधार लिनका लागि पठाउनु पर्दछ । यस कार्यमा ज-जसले नेपालको सन्दर्भलाई दृष्टिगत गरी ठोस आधार तयार गर्न विशेष खालको सहयोग पुऱ्याएका हुन्छन्, त्यस्ता **राष्ट्रिय प्रतिभालाई राष्ट्रले विशेष कदर एवं सम्मान गर्ने परिपाटी** बसाल्नुपर्दछ ।

उल्लिखित कार्यमा **विशेष दक्ष भई नेपाल** छाडी विभिन्न मित्रराष्ट्रहरूमा कार्यरत भएका नेपालीहरूलाई नेपालमा नै फर्केर आफूले प्राप्त गरेको ज्ञान एवं **सीपले नेपाललाई समुन्नत राष्ट्रको रूपमा विकसित गर्न गराउनका लागि 'नेपाल सरकारले ती प्रतिभाहरूलाई नेपाल फर्किन आह्वान' गर्नुपर्दछ ।**

२. स्नातकोत्तर तहमा ६५ प्रतिशतभन्दा कम अंक ल्याएकाहरू र **अधिकृतस्तरको जनशक्तिसम्बन्धी** तालिममा ६५ प्रतिशतभन्दा बढी अंक ल्याएकाहरूलाई **उच्चस्तरको जनशक्तिसम्बन्धी** तालिम दिनुपर्दछ ।

ज) '४. ६ छ १.' मा उल्लेख गरिएका विशिष्टतम प्रतिभाहरू, '४.छ.२' अनुरूप दिइएको तालिममा ६५ प्रतिशतभन्दा बढी अंक ल्याएकाहरू र **'अधिकृत एवं उच्चस्तरको जनशक्ति'** को हैसियतमा उल्लेख्य कार्य गर्न सफल भएकाहरूलाई **'अनुसन्धानस्तरको जनशक्ति'** को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा विकसित गराउनु पर्दछ । यस स्तरको जनशक्तिको मुख्य काम अहिले पनि क्रियाशील ज्ञान-विज्ञान र प्रविधिको फाँटमा र समय-सापेक्ष रूपले पुनर्मूल्यांकन गरी सरलतम बनाउँदै बढी विश्वसनीय एवं टिकाउ बनाउन प्रयासरत रहने, २१औं शताब्दीलाई हाँक्न-हँकाउन सक्ने, नयाँ-नयाँ प्रविधिलाई खोज गरी प्रकाशमा ल्याउने, एकल वा बहुलरूपमा ज्ञान-विज्ञान र प्रविधिसम्बन्धी हरेक विषयमा अनुसन्धान गराएर त्यसलाई व्यवहारमा नै उतार्नुपर्ने आजको अपरिहार्य मूलभूत आवश्यकता हो, किनभने सिंगो नेपाल र सम्पूर्ण नेपालीहरूको मुहुडा हँसिलो-खुसिलो बनाउने यो एक मात्र आधार हो, अर्को विकल्प छैन । तसर्थ : हाम्रा शिक्षाविद्हरूको ध्यान नेपाल सुहाउँदो शिक्षानीति बनाउने मात्र होइन, युद्धस्तरमा कार्यान्वयन गर्न-गराउन यिनै पंक्तिद्वारा आह्वान गर्दछु । यस सम्बन्धमा यहाँ यति नै ।

आँटे मात्रै पनि अब यहाँ हुन्छ केही न केही ।

द्रष्टव्य : उल्लेखित विचारहरू अन्तिम होइनन् । यिनले छलफलको ढोका खोल्नेछन् भन्ने विश्वास लिएको छु ।

"मानिस रोटीले होइन बिचारले परिचालित हुन्छ"

– बी.पी. कोइराला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्तमान जटिलतम समस्याको समाधन संविधान संशोधन र परिमार्जन

पारूप-: प्रस्तोता प्रा.डा. भूपति ढकाल "कमल"
अध्यक्ष, नेपाल सचेतक संघ

१. हार्दिक श्रद्धान्जली :

नेपाल र सम्पूर्ण नेपालीहरूको सर्वोत्तम हित र कल्याणका लागि प्रजातन्त्र स्थापना, पुनर्बहाली र संरक्षण गर्ने क्रमका घोषित-अघोषित संघर्षमा १९९७ सालदेखि आजसम्म (३ जेठ २०६०) व्यक्तिगत स्वार्थभन्दा माथि पुगेर आफ्नो प्राणको समेत कुनै वास्ता नै नगरी शहादत प्राप्त गर्ने चीरस्मरणीय सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरूप्रति सर्वप्रथम नेपाल सचेतक संघको केन्द्रीय अध्यक्षको साथै वयोवृद्ध (५ असार २०६० मा ६० वर्ष पुग्ने) र ज्ञानवृद्धसमेत भएको नेपालको जागरूक नागरिकका हैसियतले अहिलेको घात-प्रतिघातको अवस्थालाई देख्दा अत्यन्तै भावविव्हल बन्दै बारम्बार नतमस्तक भएर यिनै पङ्तिद्वारा हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

(प्रेस युनियन काल्की शाखा र नेपाल सचेतक संघको संयुक्त आयोजनाको कार्यक्रममा २०६० जेठ ३ गते प्रस्तुत कार्यपत्र)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. विषय प्रवेश :

क) जटिलतम समस्याको जड :- राजादेखि राजनैतिक नेतृत्वमा पुगेका र अनेकौं प्रपञ्च गरी राजनैतिक नेतृत्वमा पुग्नका लागि जस्तोसुकै स्वरूपमा पनि प्रस्तुत हुनेहरूको निकृष्टतम अराजनैतिक चरित्रको अनैतिकता, पारिवारिक भत्ता बढाउनेदेखि पदीय दुरूपयोग गरी गरिएका अनेकौं आर्थिक अनियमितता, ओठेभक्ति देखाउनका लागि गरिएका र गरिने अशोभनीय अभिनन्दनद्वारा जन्माएको र जन्माउनसक्ने अनेकौं सामाजिक विकृतिसहितका अनेकौं भ्रष्टाचार, पदीय दुरूपयोगसहितका कर्तव्यहीनता, सोझा-साझा जनताहरूलाई मात्र फसाउने प्रकृतिका झुटा आश्वासन, विभिन्न खाले घातक हतियारद्वारा सजिसजाउ भएका भुण्ड-झुण्डमा गएर निहत्था जनतालाई विभिन्न प्रलोभन दिई आफ्नो समूहमा ल्याउने, त्यसो गर्दा आफ्नो समूहमा नआए धम्काएरै भए पनि जवर्जस्ती आफ्नो समूहमा ल्याई बन्दुक बोकाउने र यी कृत्यबाट पनि आफ्नो समूहमा नआए वा चन्दा नदिए वा आफ्ना विचारप्रति असहमति जनाएको अपराधमा अत्यन्त पाशविक रूपमा विगत ७ वर्षमा गरिएका निर्मम हत्या, दिनप्रतिदिन शान्ति-सुरक्षाको अत्यन्तै खस्कदो अवस्था, कालोबजारी, तस्करी, महङ्गी, जवर्जस्ती चन्दाअसुलीको अझै पनि भयावह आतङ्क छिटफुटका अझै पनि अपहरण, लुट, अन्याय, अत्याचार, अनेकौं प्रकृतिका व्यभिचार, अनेकौं ध्वंसात्मक कार्यहरू र यहाँ उल्लेख नभएका यस्तै-यस्तै अनेकौं खतरनाक विकृतिहरूद्वारा नेपालका हरेक क्षेत्रहरू लथालिङ्ग र भताभुङ्ग हुँदै अत्यन्तै नाजुक र अन्योलग्रस्त अवस्थाबाट गुज्रदै अति नै कहाली लाग्दो जोखिमपूर्ण भयावह स्थितिमा पुगेकाले सिङ्गो नेपाल र सयकडा ९९% अर्थात् हरेक एक सय नेपालीमा उनान्सय नेपालीहरू वेवारिस जस्तै देखिएका छन् । तसर्थ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख) **शान्तिको कामना गरौं** : उपर्युक्त (क) मा उल्लेख भएका नेपाल र नेपालीहरूको अस्तित्व नै समाप्त गर्ने खालका अशोभनीय अमर्यादित र अमानवीय निकृष्टतम जुन चलखेलहरू भए र हुँदै छन्, अझ स्पष्ट शब्दमा भनिंदा यस्तो जोखिमपूर्ण अवस्था सिर्जना गर्नमा राजदरबारभित्र र बाहिरका प्रजातन्त्र विरोधी प्रतिगामी तत्त्वहरू (यिनीहरू, २००७ देखि अहिलेसम्म कुनै न कुनै रूपमा सक्रिय छन्) नेपाली कांग्रेसका नेताहरू (शेरबहादुर-मण्डलीसमेत), एमालेका नेताहरू, वर्तमान श्री ५ महाराजाधिराज ज्ञानेन्द्र सरकार र माओवादीका नेताहरू नै प्रमुख रूपमा जिम्मेवार छन् । यी ५ चै थरिकाहरूको कार्यपद्धति भिन्दा-भिन्दै स्वरूपका भएका र तिनै निकृष्टततम अप्रजातान्त्रिक कार्यपद्धतिले गर्दा नेपाल र सम्पूर्ण नेपालीहरूको यो दुर्दशा बनाउनामा अहंभूमिका खेलेको स्पष्ट छ, किनभने प्रजातन्त्र विरोधी प्रतिगामी तत्त्व दरबारिया-बाहिरिया र तिनलाई अप्रत्यक्ष रूपमा साथ दिइवक्सेको देखिने श्री ५ महाराजधिराज ज्ञानेन्द्र सरकार, नेपाली कांग्रेसका नेताहरू (शेरबहादुर-मण्डलीसमेत) एमालेका नेताहरू र माओवादी नेताहरूमा **'आफूले गरे-गराएका सबै काम ठीक, अरूले गरे गराएका सबै काम बेठीक'** भन्ने गैरजिम्मेवार, अप्रजातान्त्रिक मूढाग्रहले गर्दा नै आज नेपालमा एकपछि अर्को गर्दै झन् झन् जोखिमपूर्ण विकराल अवस्था सिर्जना हुँदै गइरहेको यस अवस्थामा एक पक्षले अर्को पक्षमाथि दोषारोपण गरेर मात्र नेपाली धर्ती र हरेक नेपालीहरूको टाउकोमाथि मडारिइरहेका अत्यन्तै विकराल समस्याहरू समाप्त गर्ने समधानको बाटो देखाउन सक्तैनन् । तसर्थ माथिका कुनै पनि पक्ष **'पानीमाथिको ओबानो'** बन्न सक्तैनन् । यी कुरा सामान्य भन्दा सामान्य नेपालीले पनि बुझिसकेका छन् । फरक यत्ति मात्र हो, **'मर्न नडाउनेहरूले यसरी नै लेखेर बाहिरी आवरण च्यातिदिएर तिनीहरूको सक्कली अनुहार देखाइदिन्छन्** भने मर्न डराउनेहरूले यसरी लेख्न र भन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्तैनन् । यहाँ यो यथार्थता पनि नभुलौं 'मानिस मार्न सकिन्छ, तर विचार मार्न सकिदैन ।'

असल-खराब जे भए पनि श्री ५ ज्ञानेन्द्र सरकारको मूलित्वको पदीय (राजा) हैसियत र अरू सबै पक्षले आफूद्वारा स्वीकार गरी (स्वेच्छया वा जबर्जस्ती) संलग्न भएको राजनैतिक आस्थालाई दोस्रो नं. मा राखी नं. एकमा राजादेखि-माओवादीसम्मले "**सबै भन्दा पहिले म नेपाली हुँ, त्यसपछि मात्र म राजा, कांग्रेस, फलानो-फलानो कम्युनिष्ट, राप्रपा, सद्भावना, स्वतन्त्र (स्वतन्त्र भनिने दहीचिउरे हुन्, किनभने तिनीहरू छद्मभेषी भएको देखिएको छ) हुँ**" भनेर तेरो-मेरो नभनी नेपाली मात्रको हैसियतमा अगाडि बढ्ने हो भने नेपाली धर्ती र हरेक नेपालीहरूको टाउकोमाथि मडारिरहेको अत्यन्तै दुःखद (एउटा नेपालीले अर्को नेपालीको निर्ममतापूर्वक पाशविक रूपमा हत्या गर्नु बहादुरी होइन हिंस्रक पशुको स्वरूप मात्र देखाउनु हो) अनिष्टका काला प्रलयङ्गारी हुरिबतासका मुस्लाहरूको ठाउँमा "**संधैका लागि शान्ति, सबै नेपालीका लागि शान्ति**" को मनमोहक आनन्ददायक सबैखाले अनिष्टलाई समाप्त गर्नसक्ने उज्यालो ज्योतिको प्रकाश, एकताको सन्देश छर्दै नेपाली धर्तीमाथि निर्बाध गतिमा फैलिनेछ, जुन नेपाल आमा र सम्पूर्ण नेपालीहरूको हृदयैदेखिको चाहना हो, शान्तिकामी हरेक नेपालीहरूको अन्तरात्माको आवाज एवं धुकधुकी हो । तसर्थ हतियारधारी सरकार-माओवादी बीच भएको १४ र २६ बैसाखको वार्तालै आगामी दिनमा एउटा नेपालीले अर्को नेपालीको निर्ममतापूवर्क धर्ती कम्पाउने र आकाश रूवाउने खालको पाशविक रूपमा हत्या गरेर होइन आपसी सद्भाव कायम गरी:

"**एकै कर्तव्य हाम्रो विपुल चहकिलो पार्नु नेपाललाई ॥**" को पवित्रतम उद्देश्य अनुरूप :

"**सबै खाऊन् लाऊन् सुखशयलमा मस्त सब हुन् ।**
यहाँ मान्छे बन्ने अवसर मिलोस् बञ्चित नहुन् ॥" को अवस्थामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुऱ्याएर वार्ता टुङ्गियोस् भन्ने सदिच्छासहितको शुभकामना नेपाल सचेतक संघको केन्द्रीय अध्यक्षका साथै नेपाल आमाको जागरूक सन्तानका हैसियतले व्यक्त गर्दछु । तसर्थ वार्ता परिमाणमुखी भएर शान्तिमा पुगेर टुङ्गियोस् । यही नै वार्ताको टेबुलमा बसेका दुवै पक्षलाई मेरो मानवीय हार्दिक अनुरोध छ ।

ग) **सुरक्षित नेपालको चाहना** : असल वा खराब जुनसुकै नियतले भए पनि करिब ७ वर्षे जनसंघर्षको नाममा र त्यो संघर्ष दबाउने नाममा निर्ममतापूर्वक दुवै पक्षबाट विगतमा गरिएका पाशविक नरसंहार र माओवादी पक्षबाट मात्रै पानी, बिजुली र टेलिफोनका टावरहरू गाविस भवनहरू, झोलुङ्गे पुलहरू, पक्की पुलहरू, स्वास्थ्यचौकीहरू, प्रहरी चौकीहरू, सरकारी भवनहरू र यस्तै विकास-निर्माणका संरचनाहरू ध्वस्त बनाएपछि आफ्नो सैन्यशक्ति कमजोर भएर हो वा हाम्रो यो गलत क्रियाकलाप कहिल्यै पूरा हुन सक्तैनन् भन्ने भावनाको ज्ञानप्राप्त भएर हो वा स्वदेशी वा विदेशी अदृश्य शक्तिको इशारामा आतङ्कपूर्ण क्रियाकलाप गरेको भए, तिनीहरूको इशारा नपाएर हो, जे भए पनि १५ माघ २०५९ मा माओवादी पक्ष र सरकारी पक्षबीच समझदारीमा भएको युद्धविरामले मधुरो शान्तिको बत्ती बले तापनि यी दुवै हतियारधारीहरूका विगतका अविश्वसनीय विश्वासघाती क्रियाकलापले गर्दा युद्धविराम भएको ३ महिनापछि १४ वैशाख २०६० मा वार्ताको टेबुलमा बसे पनि यी दुवै पक्षमाथि सजिलै विश्वास गरिहाल्न भने सकिदैन, किनभने २०४७ को संविधानको धारा १२७ को आडमा गरिएको १८ असोज २०५९ को शाही घोषणाले **'बाधा अडकाउ नफुकाई बाधा कडकाउ गराउने काम गरेको'** र यही शाही घोषणाले संविधानका सबै राज्यसत्ता सम्बन्धी धाराहरू निष्क्रिय बनाएर संविधानलाई मूर्च्छितावस्थामा पुऱ्यायो, जुन सरासर २०४६ सालको उपलब्धीलाई समाप्त गर्न चालिएको एकातिर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिगमनकारी कदम थियो भने अर्कोतिर घुमाउरो भाषामा १८ असोजको प्रतिगमनकारी शाही घोषणको आधारमा बनेको सरकारसँग माओवादीहरूले वार्ता गर्नु र "२०४७ को संविधान" १८ असोजमा नै मरिसक्यो भनेर माओवादीका शीर्षस्थ नेताहरूले भन्दै हिडेका मात्र होइनन् दुवै पक्षले शब्दान्तरमा एउटै आशयका नेकां, एमाले, संजमो र नेमकिपालाई अराजनैतिक शब्दावलीमा नानाथरिका आरोप लगाई सरकार नियन्त्रित संचारका माध्यमबाट नेपाली जनमानसमा बदनाम गराउन खोजेको देख्दा यी दुवै हतियारधारीहरू मिलेर नेपालको राज्यसत्ता केही समय भए पनि हत्याउने तानावानाका आवरणभित्र स्पष्ट रूपमा देखिने **'गोलमेच सम्मेलन, त्यस गोलमेच सम्मेलनले तय गरे अनुरूप सर्वदलीय सरकारको गठन र त्यस सर्वदलीय सरकारले नयाँ संविधानसभाको निर्वाचन गरेपछि संविधान सभामा निर्वाचित सदस्यहरूले बनाएको संविधानका आधारमा निर्वाचन गराउने'** भन्ने कुराहरू माओवादी पक्षबाट यही १४ गतेको यसपालिको पहिलो औपचारिक वार्तामा टेबुल गरियो, यी सबै कार्यहरू सम्पन्न गर्न वार्तामा बसेकाहरूमा कुनै गतिरोध आएन र वार्तामा नबसेका नेकां, एमालेसहितका संसदवादी पार्टीहरूले सहजै स्वीकार गरी कुनै किसिमको गतिरोध नगरी स्वीकार गर्दा समेत कम्तिमा पनि साढे दुई वर्षदेखि तीन वर्ष त लाग्छ नै, तर माओवादीले र अरू संविधान सभाको माग गर्नेहरूले भने जस्तै गरेर नयाँ संविधानको निर्माण हुन्छ नै भन्ने कुनै ठोस आधारहरू नभएकाले **वर्तमान जटिलतम समस्याहरूको समाधान गर्ने नै हो भने वर्तमान संविधानलाई अग्रगामी रूपमा व्यापक संशोधन र परिमार्जन गर्नु नै जनशक्ति र राजसंस्थालाई एउटै थलामा बसाएर लानसक्ने एक मात्र राजनैतिक आधार हो, अर्को विकल्प छैन,** किनभने छलकपट र राज्यसत्ता हत्याउने षडयन्त्रभन्दा बाहिर निस्केर गरिएको जनशक्ति र राजसंस्थाको सद्भावपूर्ण आपसी समन्वयमा नै नेपाल र नेपालीहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भविष्य सुरक्षित रहन र समृद्धशाली नेपाल बन्न सक्नेछ । तसर्थ त्यो मिलनबिन्दुको आधार बनेको **'संविधान संशोधन र परिमार्जन'** कुन रूपमा कसरी गर्दा हुन सक्छ, त्यतातिरै सबैको ध्यानाकर्षण गराउन चाहन्छु ।

३. संविधान संशोधन र परिमार्जन नै किन ?

आज नेपालमा संविधान सभा र संविधान संशोधनको तीव्रतम बहस चलिरहेको यस अवस्थामा सम्पूर्ण नेपालीहरूलाई एउटै थलोमा बसाएर लानसक्ने आधार खोजिनु स्वाभाविकै भएकाले यस राजनैतिक मुद्दालाई शाब्दिक कसरतमा मात्र नअल्झाई ठोस राजनैतिक निकासका लागि अहिले सबै राजनैतिक सोच भएका नेपालीहरूको साथ राजादेखि-माओवादीसम्मले गम्भीरतापूर्वक सोचेर अगाडि बढेमा सरकार-माओवादीबीच चलेको शान्तिवार्ता स्थायी शान्तिमा परिणत गराउन सकिनेछ, किनभने यसमा श्री ५ महाराजधिराजले सोच्नुपर्‍यो, वार्ताको टेबुलमा बसेका सरकार-माओवादी पक्षले सोच्नुपर्‍यो, १८ असोज २०५९ मा जारी गरेको शाही घोषणाले २०४६ को जनसंघर्षद्वारा प्राप्त प्रजातन्त्रलाई अपहरण गरेको प्रतिगमनकारी कदम विरूद्ध भनेर प्रजातन्त्र पुनर्बहाली गर्नका लागि शान्तिपूर्ण अहिंसात्मक आन्दोलनमा उत्रिएका नेकां, एमाले, संजमो., नेमकिपा र नेसपाको एउटा समूहसहित ५ वटै संसदवादी पार्टीहरूले सोच्नुपर्‍यो, एउटा पक्षले मात्र सोचेर अझ भनौं वार्तामा बसेका पक्षहरू बीचको लिनबिन्दुमा नपुगेसम्म वर्तमान जटिलतम राजनीतिक निकास पाउन सम्भव छैन । तसर्थ :

क) राजतन्त्र नचाहिने भए संविधान सभाको आवश्यकता : १४ बैसाख २०६० मा यसपालिको पहिलो वार्तामा माओवादीहरूले संविधान सभाको जुन माग राखेका छन्, त्यो आफैमा अस्पष्ट छ, किनभने शान्तिवार्ता हुनु वा गरिनु स्वयंमा अतिराम्रो पक्ष भएर पनि अहिले सरकारमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बसेकाहरूको कुनै जनाधार छैन र साथै १८ असोजको शाही घोषणाले संवैधानिक राजतन्त्र होइन राजनीतिमा सक्रिय अझ भनौं निरकुंश राजतन्त्रतिर अभिमुख होइवक्सेका श्री ५ ज्ञानेन्द्र सरकारको कठपुतली सरकारसँग वार्ता गर्नुले र यसभन्दा अगाडिका माओवादीका उग्रक्रियाकलापले गर्दा २९ वर्ष र करिव ४ महिने राजाको प्रत्यक्ष नेतृत्वमा संचालित पंचायती निरङकुश व्यवस्थाका विरूद्ध नेपाली जनताले लडेर पुनर्वहाली गरेको प्रजातन्त्रलाई समाप्त गर्ने चलखेलका रूपमा विराटनगरको श्री ५ को अभिनन्दनदेखि २६ वैसाख २०६० को दोस्रो चरणको वार्ता सम्पन्न भनिएसम्मको दुवै पक्षका क्रियाकलापले स्पष्ट पारिसकेका छन् र भविष्यमा पनि अझ स्पष्ट हुँदै जानेछ । तसर्थ नेपाल सचेतक संघको केन्द्रीय अध्यक्षको हैसियतका साथै नेपाल आमाको जागरूक सन्तानका हैसियतले यिनै पंक्तिद्वारा म प्रश्न गर्छु :

१. अहिलेको सरकार-माओवादीबीचको वार्ताको सफलतम परिणामुखी आधार भनेको पूर्ण संवैधानिक राजतन्त्र पनि रहेन र जनताको मानवोचित मौलिक अधिकारमाथि कसैले कुनै अवस्थामा पनि बन्दुकको भरमा अझ भनौं नेपाली जनताले तिरेको राजस्व र नेपाली जनताका नाममा हाम्रा मित्रराष्ट्रहरूले दिएको सहयोगमा पालिएका नेपाली सेनाका आडमा नेपालको राज्यसत्ता हत्याउने, सम्पूर्ण नेपाली जनताको बहुआयामिक विकास-निर्माण गरेर जाने हो भने संविधानसभा आजको आवश्यकता होइन, परिमार्जनसहितको संविधान संशोधन नै वर्तमान राजनैतिक संकटको एक मात्र कुनै पक्षमाथि कुनै पनि पक्षले शंका नै गर्न नपर्ने सही रूपको राजनैतिक निकास हो । तसर्थ वार्ताको टेबुलमा बसेका सरकार-माओवादी पक्षले यस सम्बन्धमा तेस्रो वार्ता हुनुभन्दा अगाडि दुवै पक्षका आधिकारिक) मानिसले हस्ताक्षर गरेको संयुक्त विज्ञप्ति राजतन्त्र राख्ने कि नराख्ने भनेर सार्वजनिक गर्नुपर्‍यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. अहिलेको वार्ताको खास उद्देश्य भनेको पूर्ण संवैधानिक राजतन्त्र पनि होइन भने **संविधान सभाको माग गर्ने माओवादीहरूसहित संयुक्त रूपमा लिखिमै जतिसक्यो चाँडो प्रकाशमा ल्याउनुपर्‍यो**, तब मात्र संविधान सभाको औचित्य पुष्टि हुनेछ, होइन भने एक्लै वा दुवै पक्षले क्रान्तिकारी देखिने संविधान सभाको माग अघि सारेर सर्वसत्तावादी निरकुंश शासन संचालन गर्ने 'विषयकुम्भ पयोमुख को' कार्यशैली अर्थात विषले भरिएको घैटोको मुखमा दूध भए जस्तै षडयन्त्रमूलक चालबाजी मात्र हो भन्ने प्रमाणित हुनेछ ।

३. यदि श्री ५ ज्ञानेन्द्र सरकार नै संविधान सभाको पक्षमा होइबक्सिछ र पूर्ण संवैधानिक राजतन्त्रभित्रको राजा बन्न चाहिबक्सिन्न भने म र म जस्ता पूर्ण संवैधानिक राजतन्त्रका पक्षधरहरूको कुनै टाउको दुःखाइ हुनेछैन, किनभने **'कुचाले गर्ने काम बतासले नै गर्‍यो'** भनेर निश्चिन्त्य होइनेछ ।

४. सर्वसत्तावादी बन्ने सपना देखिबक्सेका देखिने श्री ५ ज्ञानेन्द्र सरकारका मन्त्रीहरूसँग अझ भनौं माओवादी नेताहरूले राजाका मानिस भनेर वार्ता गरेका छौं भन्दै वार्ता पनि गर्ने र संविधान सभाको माग पनि गर्ने भन्ने विषय नै उत्तरी ध्रुव र दक्षिणी ध्रुव हुन् । भन्नुहोस् माओवादी दाजुभाइहरू (निर्णायक नेतृत्वमा दिदी-बहिनीहरू नभएकाले) तपाईहरूको कुन चाँहि ध्रुव हो छलछामको भाषामा होइन सोझो भाषामा स्पष्ट पार्नुपर्‍यो, किनभने हामी पनि आमूल परिवर्तनकारी नेपाली नै हो ।

ख) परिमार्जनसहितको संविधान संशोधन नै वर्तमान जटिलतम समस्याको सही समाधान राजनीतिको प्रभाव सर्वव्यापी हुन्छ' । तसर्थ आज नेपालको राजनीति अराजनीतिक गतिमा गतिशील भएकाले

Jayatu Sanskritam; Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालका हरेक क्षेत्रहरू र शान्तिको इच्छा गर्ने नेपालीहरूका टाउकामाथि अति नै कहाली लाग्दा भयङ्कर अनिष्टका प्रलयङ्कारी हुरि बतासहरू मडारिरहेको यस अवस्थामा सबै नेपालीहरूलाई ग्राहय हुनसक्ने र प्रजातान्त्रिक नेपालका प्रजातान्त्रिक मनमष्तिकले परिपूर्ण सभ्य नेपाली नागरिक भएर बाँच्न-बँचाउन कुनै पक्षलाई झट्ट हेर्दा अप्रिय नै लाग्ने भए तापनि परिणाममा सबै नेपालीहरूलाई एउटै थलोमा बसाएर लानसक्ने एक मात्र आधार वर्तमान समयमा संविधान संशोधन नै हुनसक्ने भएकाले त्यो संशोधनको प्रारूप प्रस्तुत गर्नुभन्दा पहिले कुन-कुन विषयमा अझ भनौं धारा, उपधारा र खण्डहरूमा किन संशोधन गरिनुपऱ्यो तत्सम्बन्धमा केही प्रकाश पार्ने काम तल गरिएको छ ।

१. वर्तमान श्री ५ ज्ञानेन्द्र सरकारद्वारा संविधानकै दुहाइ दिइबक्सेर वर्तमानन संविधान नै समाप्त गरिबक्सने अझ स्पष्ट शब्दमा भनौं, कुरा एक प्रकारको गरिबक्सने र काम भने ठीक त्यसको विपरित गरिबक्सने भएकाले श्री ५ महाराजाधिराज सरकारलाई १८ असोज, २०५९ को स्वेच्छाचारी शाही घोषणा जस्तो घोषणा गर्न नपाइबक्सने गरी स्पष्ट नभएका ठाउँमा व्यापक संशोधन, परिमार्जन र केही धाराहरू, खण्ड र वाक्यांशहरू संशोधित संविधानमा समावेश गरिएका छन् ।

२. प्रधानमन्त्री र उपप्रधानमन्त्रीको प्रत्यक्ष वालिग मताधिकारका आधारमा निर्वाचित गरी महाभियोग बाहेक अन्य कुनै पनि आधारमा हटाउन नसक्ने बनाएर स्थीर सरकार बनाउँदै मध्यावधिको आमनिर्वाचनको प्रक्रियालाई हटाइएको छ ।

३. मन्त्री र राज्यमन्त्री र संसदसदस्यभन्दा बाहिराबाट नियुक्त गर्ने र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बढीमा १७ जनासम्मको मन्त्रिपरिषद् बन्ने प्रावधान राखिएको छ ।

४. अब हुने स्थायीय **निर्वाचन र आमनिर्वाचन एउटै मितिमा गरी त्यो निर्वाचन भएको ५ वर्ष पुगेको महिना र गतेमा दुवै चुनाव गराउने** आधारको उचित समय वैशाख र कात्तिक तोकिएको छ ।

५. सर्वोच्च अदालतदेखि जिल्ला अदालतसम्मका माननीय न्यायधीशहरूलाई पनि महाभियोग लगाउने प्रावधान थपिएको छ ।

६. यो संशोधन 'नेपालको संविधान २०४७' को प्रस्तावनामा अपरिवर्तनीय भनेका विषयहरूको भावना नमर्ने गरी संसदीय शासन प्रणालीको पुर्नव्याख्या गरेर संशोधन गर्न राजनैतिक निकासका लागि आवश्यक देखिएकाले तदनुकुल प्रस्तुत संशोधन गरिएको हो ।

७. संविधान सभाको निर्वाचनको विषय राजनीति भए जस्तै यो संशोधनको विषय पनि राजनीति नै भएकाले संविधानका केही धाराहरू, श्री ५ सम्बन्धी धाराहरू संशोधन गर्न हुन्न भन्नु अराजनैतिक सोचाइ हो ।

८. वर्तमान नेपालको संविधान २०४७ लाई उपशीर्षक ४ मा क, ख ग र घ मा वर्गीकरण गरी अग्रगामी व्यापक परिमार्जनसहितको संशोधन गरिएको छ ।

४. संविधान संशोधनको प्रारूप :

नेपालमा राजसंस्था नचाहिने भए मात्र संविधान सभाको निर्वाचन आवश्यक छ । तसर्थ संविधान सभाको कुरा गर्नेहरूले नयाँ बनाउने भनेको संविधानमा राख्नपर्ने विषयहरू संशोधित संविधानमा नै समावेश गर्न सकिने भएकाले तत्सम्बन्धमा तल क, ख, ग र घ मा प्रस्तुत गर्ने काम भएको छ ।

क) यथावत राखिएका प्रशस्तिसहित धारा, उपधारा, खण्ड र अनुसूचीहरू : नेपाल अधिराज्यको संविधान २०४७ मा यथावत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
राखिएका प्रशस्तिसहित धारा, उपधारा, खण्ड, अनुसूचीहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

प्रशस्ति र प्रस्तावना, भाग १ : धारा- १, २, ३ र ४ को उपधारा २ को खण्ड 'क, ख' ५, ६, ७ को उपधारा १ र २ लाई संशोधन गरिएका छैनन्, धारा ४ को उपधारा १ मा सैद्धान्तिक र धारा ७ को उपधारा ३ मा सामान्य संशोधन गरिएको छ ।

भाग २ : धारा ८, ९ को उपधारा ३, ४ को खण्ड 'क, ख, ग, घ', ५, ६, ७ र धारा १० यथावत राखिएका छन्, तर धारा ८ को खण्ड ख पछि ग थप्ने, धारा ९ को उपधारा १ र २ मा सामान्य संशोधन गर्नुपर्दछ ।

द्रष्टव्य : भाग ३ देखि धारा र उपधारामा अङ्क मात्र दिइनेछ र खण्डमा धारा-उपधाराको अङ्क दिएर 'क-ख' लेखिएकोछ ।

भाग ३ : ११ देखि २३ सम्म कुनै फेरबदल गरिएको छैन, तर २० को १ मा 'दण्डनीय हुनेछ' पछि केही थप्नुपर्दछ ।

भाग ४ : २४ देखि २६ सम्ममा धारा र उपधाराहरूमा कुनै संशोधनको आवश्यकता देखिएन ।

भाग ५ : २७, २८ को १, २९, ३२ र ३३ मा कुनै संशोधन गरिएको छैन, तर २७ 'ग' थपेर श्री ५ सम्बन्धी, ३० लाई पूरै परिमार्जन सहित संशोधन र ३१ लाई ३१ क बनाएर ३१ ख मा श्री ५ लाई पनि महाभियोग लगाउने प्रावधान राखिएको छ ।

भाग ६ : ३४ को १ र ३ देखि २३ सम्म यथावत राखी २ को 'क र प' मा संशोधन गरिएको छ ।

भाग ७ : ३५ को २ र ३, ३६ को ५ को क, घ, ६ को क, ख, घ र ङ, ३७ को ३, ३९, ४०, ४१ को २ र ४३ लाई यथावत राखिएका छन् तर ३५ को १, ६ मा श्री ५ लाई अंकुश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाउने वाक्यांश र वाक्य खण्ड, ३६ को १, २, ३ र ४ मा प्रधानमन्त्री र उपप्रधान मन्त्रीको प्रत्यक्ष वालिग मताधिकार को आधारमा निर्वाचन र मन्त्रीहरू संसद सदस्य बन्न नपर्ने गरी संशोधन गरिएको छ। ३६ कै ५ को ख, ग, ६ को ग र ७, ३७ को १, २, ३८ र ४१ को १ मा समेत आवश्यक संशोधन गर्दै ४२ लाई पूरै खारेज गरिएको छ।

भाग ८ : ४४, ४५ को ४, ५, ६, ७, ८ र ९, ४६ को १ को ग, ३, ४, ५, र ६, ४७, ४८, ४९, ५०, ५१ र ५२, ५३ को १, २ ५४ र ५५ ५६ को २ र ३, ५७, ५८, ६१, ६२, ६३, ६४, ६५, ६६ र ६७ मा संशोधन गरिएको छैन, तर ४५ को १; २ र ३, ४६ को १ को क र ख, ५३ को ४, ५६ को १, ५९ र ६० मध्ये कुनैमा सामान्य र कुनैमा विशेष किसिमले संशोधन गरिएकोछ।

भाग ९ : ६८ को १, ३ को क, ख र ङ, ४, ६९, ७०, ७१, ७२ को २ को क र ग मा कुनै समान्य र कुनैमा संशोधन गर्नपर्ने देखिएन, तर ६८ को २, ३ को ग, घ, ७२ को १, २ को ख मा सामान्य संशोधन गरिएको छ।

भाग १०: ७३ को १, ७५, ७७, ७८, ७९, ८० र ८३ मा कुनै संशोधन गरिएको छैन, तर ७३ को २, ७४, ७६ ७६ कै ङ, च, ८१ र ८२ मा सामान्य संशोधन गरिएको छ।

भाग ११: ८४, ८५, ८६, ८७ को ४, ७ र १३ बाहेकका सबै उपधाराहरू, ८८, ८९, ९०, ९१ र ९३ को ३ बाहेक सबै उपधाराहरू, ९४ को २ र ९६ को १ मा संशोधन गर्नपर्ने देखिन्न, तर ८७ को ४, ७ र १३, ९३ को ३, ९४ को १ ९५ र ९६ को २ मा सामान्य संशोधन गर्नपर्ने देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग १२: ९७ को ५ को 'क' बाहेक, ९८ को १ को 'सक्नेछ' सम्म र ५ बाहेकका उपधारा र खण्डहरू यथावत राखिएका छन्, तर ९७ को १ को 'तर' पछिको 'छैन' लाई र क, ख, ९८ को ५ लाई सामान्य संशोधन गरिएको छ।

भाग १३: ९९ को ४ को क, ख बाहेक, १०० को २ बाहेकका उपधारा र खण्डहरूमा संशोधन गर्नपर्ने देखिएन, तर ९९ को ४ को क, ख र १०० को २ मा सामान्य संशोधन गरिएको छ।

भाग १४: १०१ को ६ को क, बाहेक १०२ को १ को 'स्पष्टीकरण' र ५ बाहेक दुवै धाराका उपधारा र खण्डहरूमा संशोधन गरिएको छैन, तर १०१ को ६ को क १०२ को १ को स्पष्टीकरण र ५ मा सामान्य संशोधन गरिएको छ।

भाग १५ : १०३ को ५ को क, बाहेक , १०४ को १, २, १०५ को १ बाहेक र १०७ मा कुनै संशोधन गर्नपर्ने देखिएन, तर १०३ को ५ को क, १०४ को ३, १०५ को १, १०६ र १०८ मा सामान्य संशोधन गरिएको छ।

भाग १६ : १०९, ११० को ३, ४, ५, र १११ मा संशोधन गरिएको छैन, तर ११० को १, २ र ६ मा सामान्य संशोधन गरिएको छ।

भाग १७ : ११२, ११३ को स्पष्टीकरण बाहेक र ११४ मा संशोधन गर्नपर्ने देखिएन, तर ११२ को ३ पछि 'जबरजस्ती' कसैलाई आफ्नो समूहमा लान नहुने प्रतिबन्धनात्मक उपधारा ४ ले र धारा ११३ को उपधारा २ को खण्ड घ को स्पष्टीकरणमा 'क्षेत्रीय पार्टीको अवधारणा' थपिनुपर्दछ।

भाग १८ : ११५ को २, ३, ४, ५, ७, ९, १० लाई यथावत राखी, १, ८, र ११ मा सामान्य संशोधन गरी ६ लाई खारेज गरिएकोछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग १९ : ११६ लाई संशोधन गरिएको छैन ।

भाग २० : ११७, १२० को २, १२२, १२३, १२५, १२६ को २ र ४ लाई यथावत राखी ११८ र ११९, १२० को १, १२१ र १२७ लाई सैद्धान्तिक रूपमा नै संशोधन र थप समेत गरी १२४, १२६ को १ र ३ मा सामान्य संशोधन गरिएको छ ।

भाग २१: १३० को ६ र ७ लाई यथावत राखी १२८, १२९, १३० को १, २, ३, ४, ५, ८ र १३१ लाई विशेष रूपमा संशोधन गरिएको छ ।

भाग २२ : १३२ लाई कायमै राखिएको छ ।

भाग २३ : १३३ लाई परिमार्जनसहितको संशोधन गरिएको छ । अनुसूची १ र ३ लाई कायमै राखी २ को राष्ट्रिय गान 'साउँछ गीत नेपाली ..... ' बनाएको छ ।

ख) **शब्द, शब्दावली, वाक्यांश र वाक्यखण्डमा परिमार्जनसहितको संशोधन र तिनीहरूको खारेजी :** 'नेपाल अधिराज्यको संविधान २०४७' मा केही थपिएका र प्रयोग भएका शब्द, शब्दावली, वाक्यांश र वाक्यखण्डमा परिमार्जनसहितको संशोधन र तिनीहरूको खारेजीको विवरण तल प्रस्तुत गरिएको छ ।

१. धारा ४ को उपधारा १ मा प्रयोग भएको 'हिन्दू' शब्द हटाइएको छ,

२. धारा ७ को उपधारा ३ मा प्रयोग भएको 'श्री ५ को सरकारबाट' को ठाउँमा 'नेपाल सरकारबाट' बनाउने,

३. धारा ९ को उपधारा १ मा 'बाबु' पछि 'र आमामध्ये कुनै एक वा दुवै' बनाउने,

४. धारा ९ कै उपधारा २ मा प्रयोग भएको 'पितृत्वको' ठाउँमा 'पितृत्व र मातृत्व मध्ये कुनै एकको वा दुवैको' बनाउने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. यसै उपधारा २ मा प्रयोग भएको 'बाबुको' ठाउँमा 'बाबु र आमा मध्ये कुनै एकको वा दुवैको' बनाउने,

६. २८ को १ मा प्रयोग भएको 'श्री ५ मा' को ठाउँमा 'नेपाल सरकारको सहमतिमा श्री ५ मा निहित रहनेछ' बनाउने,

७. ३४ को २ को क -को 'सदस्यहरू' पछि 'बढीमा ४ जना' थप्नुपर्दछ,

८. ३४ को ब-को 'अन्य सदस्यहरू' पछि 'बढीमा ७ जना' थप्नुपर्दछ,

९. ३५ को १ को 'निहित हुनेछ' पछि 'र श्री ५ बाट १८ असोज २०५९ का जस्तो शाही घोषणा गर्न पाइबक्सने छैन' भन्ने वाक्यांश थपिनुपर्दछ ।

१०. ३५ को ४ र ५, ४१ को १, ६८ को ३ को ग, घ, ७३ को २, ७४, ७६ को ङ, च, ८३, ९४ को १, ९५ र ९६ को २, ९७ को ५ को क, ९८ को ५, ९९ को ४ को क, ख, १०० को २, १०१ को ६ को क, १०२ को १ को स्पष्टीकरण, ५, १०३ को ५ को क, १०४ को ३, १०८, ११० को १, २, ६, १२४, १२६ को १ र ३ मा प्रयोग भएको 'श्री ५ को सरकारको' को ठाउँमा 'नेपाल सरकारको' बनाउनुपर्दछ ।

११. ३६ को ५ को ख को 'अविश्वासको' ठाउँमा 'महाभियोग' बनाउने ।

१२. ३६ को ५-६ को ग, ७ को 'तर ..... सहित तीन वटै पंक्ति, ३७, ४२, ४५ को ३ को 'अगावै विघटन भएमा बाहेक' भन्ने वाक्यांश, ५३ को ३, ५९को १, ६८ को १, ११५ को ६, ११८ को २ र ३, ११९ को १ र २ १२० खारेज गरिएको र यसैको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग १९ : ११६ लाई संशोधन गरिएको छैन ।

भाग २० : ११७, १२० को २, १२२, १२३, १२५, १२६ को २ र ४ लाई यथावत राखी ११८ र ११९, १२० को १, १२१ र १२७ लाई सैद्धान्तिक रूपमा नै संशोधन र थप समेत गरी १२४, १२६ को १ र ३ मा सामान्य संशोधन गरिएको छ ।

भाग २१: १३० को ६ र ७ लाई यथावत राखी १२८, १२९, १३० को १, २, ३, ४, ५, ८ र १३१ लाई विशेष रूपमा संशोधन गरिएको छ ।

भाग २२ : १३२ लाई कायमै राखिएको छ ।

भाग २३ : १३३ लाई परिमार्जनसहितको संशोधन गरिएको छ । अनुसूची १ र ३ लाई कायमै राखी २ को राष्ट्रिय गान 'साउँछ गीत नेपाली ..... ' बनाएको छ ।

ख) **शब्द, शब्दावली, वाक्यांश र वाक्यखण्डमा परिमार्जनसहितको संशोधन र तिनीहरूको खारेजी :** 'नेपाल अधिराज्यको संविधान २०४७' मा केही थपिएका र प्रयोग भएका शब्द, शब्दावली, वाक्यांश र वाक्यखण्डमा परिमार्जनसहितको संशोधन र तिनीहरूको खारेजीको विवरण तल प्रस्तुत गरिएको छ ।

१. धारा ४ को उपधारा १ मा प्रयोग भएको 'हिन्दू' शब्द हटाइएको छ,

२. धारा ७ को उपधारा ३ मा प्रयोग भएको 'श्री ५ को सरकारबाट' को ठाउँमा 'नेपाल सरकारबाट' बनाउने,

३. धारा ९ को उपधारा १ मा 'बाबु' पछि 'र आमामध्ये कुनै एक वा दुवै' बनाउने,

४. धारा ९ कै उपधारा २ मा प्रयोग भएको 'पितृत्वको' ठाउँमा 'पितृत्व र मातृत्व मध्ये कुनै एकको वा दुवैको' बनाउने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. यसै उपधारा २ मा प्रयोग भएको 'बाबुको' ठाउँमा 'बाबु र आमा मध्ये कुनै एकको वा दुवैको' बनाउने,

६. २८ को १ मा प्रयोग भएको 'श्री ५ मा' को ठाउँमा 'नेपाल सरकारको सहमतिमा श्री ५ मा निहित रहनेछ' बनाउने,

७. ३४ को २ को क -को 'सदस्यहरू' पछि 'बढीमा ४ जना' थप्नुपर्दछ,

८. ३४ को ब-को 'अन्य सदस्यहरू' पछि 'बढीमा ७ जना' थप्नुपर्दछ,

९. ३५ को १ को 'निहित हुनेछ' पछि 'र श्री ५ बाट १८ असोज २०५९ का जस्तो शाही घोषणा गर्न पाइबक्सने छैन' भन्ने वाक्यांश थपिनुपर्दछ ।

१०. ३५ को ४ र ५, ४१ को १, ६८ को ३ को ग, घ, ७३ को २, ७४, ७६ को ङ, च, ८३, ९४ को १, ९५ र ९६ को २, ९७ को ५ को क, ९८ को ५, ९९ को ४ को क, ख, १०० को २, १०१ को ६ को क, १०२ को १ को स्पष्टीकरण, ५, १०३ को ५ को क, १०४ को ३, १०८, ११० को १, २, ६, १२४, १२६ को १ र ३ मा प्रयोग भएको 'श्री ५ को सरकारको' को ठाउँमा 'नेपाल सरकारको' बनाउनुपर्दछ ।

११. ३६ को ५ को ख को 'अविश्वासको' ठाउँमा 'महाभियोग' बनाउने ।

१२. ३६ को ५-६ को ग, ७ को 'तर ..... सहित तीन वटै पंक्ति, ३७, ४२, ४५ को ३ को 'अगावै विघटन भएमा बाहेक' भन्ने वाक्यांश, ५३ को ३, ५९को १, ६८ को १, ११५ को ६, ११८ को २ र ३, ११९ को १ र २ १२० खारेज गरिएको र यसैको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१ मा प्रयोग भएका 'शाही' शब्द हटाइएको छ । यसै गरी १३० को २, ३, ४ र ५ लाई खारेज गरिएको छ ।

१३. ४५ को १ को 'दुई सय पाँच' को ठाउँमा 'एक सय पैचालिस' बनाउने, २ को 'जनसंख्याको आधारमा ' पछि ' ब ढी म ा चार जना' बनाउने र 'तर जनसंख्या जतिसुकै भए पनि ' का ठाउँमा 'कम्तिमा बीस हजार जनसंख्या भएका' बनाउने,

१४. ४६ को १ को 'साठी ' का ठाउँमा 'पैंचालिस', १ को क-को 'दशजना' का ठाउँमा 'पाँचजना' र १ कै ख-को 'पैतीस' का ठाउँमा' पच्चीस' बनाउने,

१५. ६८ को २ को 'श्री ५ को' ठाउँमा 'श्री ५ र नेपाल सरकारको' बनाउने,

१६. ७२ को २ को ख-मा 'मन्त्रिपरिषद्को सहमतिमा' थप्नुपर्दछ'

१७. ७६ को क-आउनुभन्दा पहिलेको 'छैन' का ठाउँमा 'छ' बनाउने,

१८. ८१ को 'वाञ्छनीय देखिएमा' पछि 'मन्त्रीपरिषद्को सहमतिमा' थप्ने

१९. ८७ को ४ को 'अवस्था परेमा' पछि 'न्यायपरिषद्को सहमतिमा' थप्ने

२०. ९३ को ३ को 'पदावधि र सुविधा' पछि 'मन्त्रिपरिषद्को सहमतिमा' थप्ने

२१. ९८ को १ को 'तर' को अनुच्छेदमा 'आयोगले' को ठाउँमा 'आयोगसमेतले कारबाई गर्न सक्नेछ' बनाउने

२२. १०५ को १ को 'आयोगको कार्यावधि' पछि 'मन्त्रिपरिषद्को सहमतिमा' थप्ने

२३. ११५ को १ को 'उत्पन्न भएमा' पछि 'दुवै सदनलाई विश्वासमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिएर मन्त्रिपरिषद्ले गरेको सिफारिशलाई ७ दिनभित्र कार्यान्वयन गर्नका लागि' र 'अवस्थाको घोषणा' पछि 'गरिवक्सनेछ' बनाउने, त्यसरी नै ११ को 'वहाल रहेसम्म' पछि 'मन्त्रिपरिषद्को सहमतिमा' थप्ने,

२४. १२१ को 'सम्वन्धी कुराहरू' पछि 'मन्त्रिपरिषद्को सहमतिमा' थप्ने

२५. १३० र यसका उपधारा निम्न रूपमा परिमार्जनसहित संशोधन गरिएको छ : १३० को मूल शीर्षकको (२०१९) को ठाउँमा (२०४७) वनाई १ मा प्रयोग भएका 'यो, यस, यो, यो र यो, यी पाँचवटा शब्दपछि 'संशोधित' शब्द पाँचवटै शब्द पछि थप्ने, तर आवश्यक परेमा' पछि 'मन्त्रिपरिषद्को सहमतिमा' थप्ने र ८ को 'निवेदनपत्रहरू' पछि 'यो' को ठाउँमा 'निवेदनहरू अझै' भए यो संशोधित' थप्ने,

२६. १३१ को 'यो' पछि 'संशोधित' थप्ने,

२७. १३२ को १ को 'संविधानलाई' पछि '२०६० मा संशोधितसमेत भएको' थप्ने र २ लाई यसरी संशोधन गर्ने : २ यो संशोधित संविधान सम्वत् दुई हजार साठी साल..... महिनाको ..... गते ..... बारदेखि प्रारम्भ हुनेछ ।

२८. अनुसूची २ को "श्रीमान गम्भीर नेपाली" को ठाउँमा "गाउँछ गाउँछ गीत नेपाली ज्योतिको पंख उचाली ....." राखी त्यसमा आवश्यक संशोधन गर्न परे गर्नुपर्दछ ।

ग. पूरै धारा र उपधाराहरूको परिमार्जनसहितको संशोधन :

'नेपाल अधिराज्यको संविधान २०४७' मा पुरै वा अंशिक संशोधन गरिएका धारा र उपधाराहरूको विवरण तल प्रस्तुत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नेकाम भएको छ ।

१.३० लाई यसरी संशोधन गरिनुपर्दछः ३० श्री ५ को आय वा निजी सम्पत्ति पनि करमुक्त र अनतिक्रम्य नहुने :

१. श्री ५ को आय वा निजी सम्पत्तिमा पनि कर, शुल्क वा त्यस्तै अरू कुनै रकम नलगाउने गरेकोमा संविधानको यस संशोधनको आधारमा प्रतिनिधि सभाले श्री ५ लाई मात्र लागु हुने गरी उचित कानूनको निर्माण गरी करको दायरा तोक्ने काम संशोधित संविधानका आधारमा निर्वाचन भई गठन भएको प्रतिनिधि सभाको पहिलो अधिवेशनमा नै तत्सम्बन्धी विधेयक पारित गराउनु पर्नेछ ।

२. श्री ५ को निजी सम्पति सम्बन्धी अनतिक्रम्य भनिएका कानूनहरू खारेज गरी सो सम्पति अनतिक्रम्य हुने छैन ।

३. ३५ कै उपधारा ६ को 'पाइने छैन' पछि 'तर श्री ५ मा चढाएको त्यो सल्लाह वा सिफारिसले संविधानका कुनै धारा वा राष्ट्रलाई हानी पुऱ्याउने विषय भए संसद र अदालतमा प्रश्न वा अरू कार्यवाही गर्न रोक्ने छैन' थपिनुपर्दछ ।

४. ३६ को १, २, ३, ४ र ७ मा सैद्धान्तिक रूपको संशोधन र परिमार्जन गरिएको छ : १.५ वर्षका लागि वालिग मताधिकारका आधारमा प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन हुनेछ र सो निर्वाचनमा खसेका मतको ५१ % ल्याएका प्रत्याशीलाई श्री ५ बाट प्रधानमन्त्री नियुक्त गरिबक्सी निजका अध्यक्षतामा बढीमा १७ जनासम्मको मन्त्रिपरिषद्को गठन गरिबक्सने छ ।

१. प्रधानमन्त्रीकै निर्वाचन प्रक्रिया अनुरूप उप-प्रधानमन्त्रीको पनि निर्वाचन हुनेछ र संसद सदस्यभन्दा वाहिरका ३५ वर्ष पुगेका नेपालीहरू मन्त्री र राज्यमन्त्री बन्न योग्य मानिनेछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. निर्वाचित उप-प्रधानमन्त्री र प्रधानमन्त्रीको सिफारिसमा सम्वन्धित विषयमा विशेष दक्षता भएकाहरूलाई श्री ५ वाट उप-प्रधानमन्त्री र मन्त्रीहरू नियुक्त गरिवक्सनेछ ।

३. प्रधानमन्त्री, उप-प्रधानमन्त्री, अन्य मन्त्री र राज्यमन्त्रीहरू नेपाली जनताप्रति सामूहिक रूपमा उत्तरदायी हुनेछन् र उप-प्रधानमन्त्री, मन्त्रीहरू आ-आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा र प्रधानमन्त्रीप्रति उत्तरदायी हुनेछन् ।

३६ कै ७ मा यस्तो संशोधन गरिएको छ : ७ उपधारा ५ वमोजिम प्रधानमन्त्री आफ्नो पदवाट मुक्त भएपछि वाँकी ५ वर्ष पुग्ने अवधिसम्मका लागि उप-प्रधानमन्त्री नै प्रधानमन्त्री भई मन्त्रीपरिषद्को सम्पूर्ण कार्य सञ्चालन गर्नेछन ।

४. ३८ लाई निम्न रूपमा संशोधन गरिएको छ : ३८. **मन्त्री र राज्यमन्त्री हुन संसद सदस्य हुनु पर्ने** : मन्त्री र राज्यमन्त्रीहरू ३५ वर्ष पुगेका र सम्वन्धित विषयमा दक्षता प्राप्त गरेकाहरूलाई नियुक्त गरिनेछ । मन्त्री र राज्यमन्त्री हुन संसद सदस्य बन्नुपर्ने प्रावधान राखिएको छैन ।

५. ५९ लाई यसरी संशोधन गर्न उचित हुनेछ : ५९. **प्रधानमन्त्री र उपप्रधानमन्त्रीलाई महाभियोग** : १ प्रधानमन्त्रीले विभिन्न विषयमध्ये कुनै एक वा एकभन्दा बढी विषयमा पदीय कर्तव्य पालना नगरेको आरोपमा प्रतिनिधि सभाका २५% सदस्यहरूले संसद सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता गर्नेछन् र ३५ दिनभित्र त्यस विषयमा दुवै सदनका सदस्यहरूको संयुक्त बैठकमा छलफल गरी ७१% सदस्यहरूले त्यो प्रस्ताव पारित गरेमा प्रधानमन्त्री आफ्नो पदवाट हट्नुपर्नेछ, तर ६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महिनाको भन्दा कम समयमा महाभियोगको प्रस्ताव पुनः प्रस्तुत गर्न पाइने छैन ।

२. प्रधानमन्त्रीकै प्रक्रिया अनुरूप उपप्रधानमन्त्रीलाई महाभियोग लगाउन सकिनेछ ।

६. ६० लाई तलका आधारमा संशोधन गरिएको छ : ६० **प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीले बैठकमा भाग लिन** पाउनेः प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीले संसदका दुवै सदनमा र सदनको मातहतका कुनै पनि समितिमा उपस्थित हुन र कारवाही तथा छलफलमा भाग लिन पाउने, तर मतदान गर्न पाउने छैनन् ।

७. ११३ को २ को घ-को स्पष्टीकरणको अनुच्छेदलाई यसरी संशोधन गरिएको छ : स्पष्टीकरणः कुनै दलले खसेका मतको तीन प्रतिशत मत प्राप्त गर्न नसकेको, तर त्यो दलको प्रत्याशी एक जनापनि प्रतिनिधि सभामा चुनिएको खण्डमा त्यस्तो दलले क्षेत्रीय दलको रूपमा मान्यता पाउनेछ ।

८. १२७ को 'राखिनेछ' पछि 'तर श्री ५ बाट जारी गरिबक्सेको त्यस्तो घोषणा वा आदेशले संविधानका अरू धाराहरू निष्क्रिय बनाउने आशय मात्र झल्किएमा श्री ५ बाट त्यसको भूल सुधार नगरिबक्सेमा यसै संविधानको धारा ३१ ख कार्यान्वयन गर्न विवश पारिएको मानिनेछ ।'

९. १२८ लाई यसरी संशोधन गरिएको छ : विशेष मन्त्रीपरिषद्बारेको व्यवस्था : १. यो संशोधित संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यभित्र मानव निर्मित र दैवी आतङ्कसमेतका अनेकौं असाधारण घटना घटी निर्वाचित प्रधानमन्त्री र उप-प्रधानमन्त्री नभएको वा नहुने अवस्था

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिर्जना भएमा श्री ५ बाट राष्ट्रिय र क्षेत्रीय प्रमुख राजनैति दलहरूको प्रतिनिधित्व हुने गरी नयाँ मन्त्रीपरिषद् गठन गरिबक्सनेछ ।

२. उपधारा १ अन्तर्गत गठन भएको मन्त्रिपरिषद्मा निवार्चित प्रधानमन्त्रीको बाँकी समयसम्मका लागि मात्र प्रधानमन्त्री र निजको सिफारिशमा १७ जनामा नवढ्ने गरी उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीहरू रहनेछन् ।

१०. १२९ लाई यसरी संशोधन गरिएको छ : १२९ आवश्यक कानून वनाउने: श्री ५ बाट यो संशोधन संविधान प्रारम्भ भएपछि मन्त्रिपरिषद्को सहमतिमा आवश्यकता अनुसार कानून वनाई लागु गर्न सकिवक्सनेछ ।

घ. **थपिएका धारा, उपधारा र खण्डहरू:** 'नेपाल अधिराज्यको संविधान २०४७' मा थपिएका धारा, उपधारा र खण्डहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

१. धारा ८ को ख पछि ग थप्ने: १ ग खण्ड कर ख मा जुन सुकै कुरा लेखिएको भए तापनि यो संशोधित संविधानका आधारमा निर्वाचन भई गठन भएको प्रतिनिधि सभाको पहिलो अधिवेशमा समयसापेक्ष रूपमा नेपाल नागरिकता ऐन २०२०मा संशोधन गरी नेपाल अधिराज्यभित्र बसोबास गर्ने वास्तविक नेपाली नागरीकहरूलाई नागरिकताको प्रमाण-पत्र दिइने आधार बनाइनेछ ।

२. २० को १ 'दण्डनीय हुनेछ' पछि : 'र त्यस्तो काम गर्ने व्यक्तिसहितको समूहलाई आतङ्ककारी समूह घोषणा गरी हदैसम्मको सजाय दिने कानूनको निर्माण गरिनेछ ।'

३. २७ को ३ पछि ४ थप्ने: ४. श्री भनेर श्री ५ महाराजाधिराज,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ वडामहारानी र श्री ५ का पहिलो सन्तान तीन जना गरी तीन जनालाई मात्र जनाउनेछ ।

४. ३१ लाई ३१ क बनाई '३१ ख' थप्नुपर्दछ : ३१ ख श्री ५ सन्तानबाट संविधानका कुनै धारा प्रयोग गर्दा संविधानका अरू धारा निश्क्रिय हुने अवस्था सिर्जना भएमा त्यस्तो अवस्था श्री ५ बाटै ३५ दिनभित्र हटाउनु पर्दछ । यदि श्री ५ बाट त्यस्तो नगरी बक्सेमा प्रतिनिधि सभाको अधिवेशन चलिरहेको भए २५% सदस्यहरूले 'महाभियोग' लगाउन संसदसमक्ष प्रस्ताव राख्ने, यदि संसदको अधिवेशन नचलेको भए आकस्मिक रूपमा प्रतिनिधि सभाको अधिवेशन बोलाउन सभामुखलाई सम्बोधन गरेर २५% सदस्यहरूले संसद सचिवालयमा प्रस्ताव दर्ता गरी दोतिहाइ अर्थात ६७% ले त्यो प्रस्ताव पास गरेमा संयुक्त राष्ट्रसंघको प्रत्यक्ष देखरेखमा ६ महिनाभित्र 'महाभियोग लगाउन जनमत संग्रह' गराएर खसेको मतको ६७% ले महाभियोग पारित भएमा वाध्यतावश नेपाली जनताले वैकल्पिक व्यवस्था गर्नेछन् ।

५. ९६ लाई ९६ क बनाइए ९६ ख थप्नु पर्दछ : ९६ ख, ८४ देखि ९६ क सम्म जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतदेखि जिल्ला अदालतसम्मका बहालवाला न्यायधीशहरूले देवानी र फौजदारी मुद्दाहरूको प्रकृतिलाई हेरी मुद्दा परेको वा कुनै विषयमा उजुर परेको मितिले ७ दिनदेखि ६ महिनासम्ममा त्यस मुद्दा वा उजुरको फैसला गरिसकेको हुनुपर्नेछ । यदि कुनै तहको न्यायधीशले तोकेको अवधिभित्र फैसला नगरे मुद्दा वा उजुरको प्रकृतिलाई सामान्य नसियत, अख्तियार दुरूपयोगको आरोप र मताभियोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाउनेसमेतको कानून संशोधित संविधान अनुसार निर्वाचित प्रतिनिधि सभाको पहिलो अधिवेशनले तत्सम्बन्धी विधेयक पारित गर्नुपर्नेछ ।

६. ११२ को ३ पछि ४ थप्ने : ४ कुनै पनि राजनैतिक दलले भिन्न मत राख्ने कसैलाई पनि विभिन्न खाले प्रलोभन दिएर, धम्काएर र हतियार प्रदर्शन गरेर आफ्नो दलमा लगाउन पाइने छैन, यदि दल वा व्यक्तिले त्यस्तो गरेको भेटिएमा त्यस्तो दल वा व्यक्तिलाई आतङ्ककारीको रूपमा कारवाई गरिनेछ ।

७. ११८ को ४ लाई ५ बनाई ३ पछि यस्तो उपधारा थप्नुपर्दछः ४ नेपाली सेना पूर्णरूपमा संसद र मन्त्रिपरिषद्को अधीनमा रहनेछ ।

८. १२७ लाई १२७ क बनाई १२७ ख थप्ने :१२७ ख. एन.सी.सी. एन. तालिम् अनिवार्य बनाउने: १८ वर्ष पुगेका नेपाली नागरिक युवा-युवतीलाई देशरक्षाका साथै आत्मरक्षा गर्नका लागि एकवर्षे पाठ्यक्रम बनाएर विभिन्न खाले हतियार सहित आवश्यक परे बन्दुक पनि राम्रोसँग चलाउन सक्ने एन.सी.सी.एन. तालिम दिइनेछ ।

५. उपशीर्षक ४ का ख, ग र घ नै संविधान संशोधनको प्रारूप : आग्रह र पूर्वाग्रह राखेर गरिएको कुनै पनि वार्ताले परिणाममुखी निकास दिन सक्तैन । तसर्थ प्रस्तुत सन्दर्भको उपशीर्षक ४ का ख, ग र घ मा लेखिएका विषयहरू संविधान संशोधन प्रारूप हुन् । **संविधानसभाको पक्षमा रहेका माओवादी नेतृत्वसहित अरू हरेक नेपालीहरूले ४ ख, ग र घ मा अपुग भएका विषय भए अरू थप गर्न सकिन्छ । 'क' मा उल्लेख भएका धारा, उपधारा र खण्डहरूमा**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि संशोधन गर्न सकिन्छ । त्यसैले सबै पक्षका नेपालीहरूले कुनै आग्रह र पूर्वाग्रह नराखी 'नेपालको संविधान २०४७' मा अग्रगामी व्यापक संशोधन चाडोभन्दा चाडो संशोधन गरौं । त्यो संशोधन कुन निकायले कुन रूपमा कसरी गर्ने भन्ने विषय उपशीर्षक ६ मा प्रस्तुत गरिएको छ ।

६. संविधान संशोधन गरेर २०१६ को वैसाखभित्र निर्वाचन गराउन सकिन्छ : 'सबैलाई भोक लागेको बेलामा भातै पकाएर सबैले मिलिजुली खाउँ' बीरबलको खिचडी पकाए जस्तो नगरौं ।' अझ स्पष्ट भाषामा भन्ने हो भने यहाँ भातको तात्पर्य संविधान संशोधितसित सम्बन्धित छ भने बीरबलको खिचडीको सम्बन्ध संविधान सभाको निर्वाचनसँग सम्बन्धित भएको स्वभावत पर्न गएको छ । जे होस् यो पंक्ति लेखक निरङ्कुश राजतन्त्रको पक्षमा छैन र पूर्ण संवैधानिक राजतन्त्रको पक्षमा छ, जसको वास्तविक रूप राजतन्त्र शक्तिको रूपमा होइन संस्थाको रूपमा आधारित हुन्छ । तसर्थ यदि श्री ५ महाराजाधिराज देखावटी रूपमा प्रजातन्त्रप्रेमी नभइवक्सी पूर्ण रूपमा मन, वचन र कर्मले पूर्ण प्रजातन्त्रप्रेमी होइवक्सेमा मात्र हामीहरू राजतन्त्रका पक्षमा उभिन सक्छौं, किनभने हामी निरङ्कुश राजतन्त्रका पक्षमा छैनौं ।

प्रस्तुत संशोधनले अरूको त कुरै नगरौं श्री ५ महाराजाधिराज सरकारलाई समेत 'महाभियोग' लगाउने प्रावधान ३० ख बनाएर थपेको छ, किनभने कोही पनि निरङ्कुश बनेर प्रजातन्त्रलाई नै विस्थापित गरेर जनाधिकारमाथि खेलवाड गर्न सपनामा पनि नसोचुन् ।

प्रस्तुत संविधानलाई संशोधन कुन निकायले कसरी गर्ने भन्ने जुन समस्या छ, त्यसलाई निम्नलिखित रूपमा संशोधन गरी पूर्ण रूपले युद्धस्तरमा कार्यान्वयन गर्न सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. वर्तमान चन्द सरकारलाई विघटन गरी (थापा सरकार र अरू यस्तै सरकार भएमा) विघटित संसदमा प्रतिनिधित्व गर्ने एउटा सर्वमान्य व्यक्तिलाई श्री ५ बाट प्रधानमन्त्री नियुक्ति गरी बढीमा १५ जनासम्मको माओवादीसमेतलाई सामेल गरी प्रधानमन्त्रीको सिफारिसमा जतिसक्यो चाडो सर्वदलीय नयाँ मन्त्रीपरिषद्को गठन गर्नुपर्दछ ।

२. प्रधानमन्त्रीको सिफारिसमा संसदलाई पुनर्जीवित गरी आकस्मिक संसदको अधिवेशन बोलाई भाग १९ धारा ११६ का आधारमा रित पुऱ्याई उपशीर्षक ४ ख, ग र घ का प्रस्तुत विषयहरूमा संसदभित्र र बाहिर छलफल जतिसक्दो चाँडो संविधान संसोधन गरी संशोधन गरेकै मितिदेखि संविधानलाई पूर्णरूपले कार्यान्वयन गराउनु पर्दछ ।

३. नेपाल अधिराज्यमा चुनाव गराउने अनुकुल समय भनेको कात्तिक र वैसाख नै हो । तसर्थ कुनै बहानाबाजी गरी वैसाख २०६१ भित्र स्थानीय निर्वाचन र प्रधानमन्त्री-उपप्रधानमन्त्रीसहित पाँच वर्षे संसदीय निर्वाचन एकै समयमा गर्नुपर्दछ ।

४. चुनाव गर्नुभन्दा ५ महिना पहिले पुनर्जीवित संसदलाई विघटन गरी चुनाव नलड्ने भए कार्यरत मन्त्रिपरिषद्लाई नै चुनावी सरकारमा परिणत गर्ने र यदि प्रधानमन्त्रीसहित अधिकांश मन्त्रीहरू (उपप्रधानमन्त्रीसमेत) चुनाव लड्ने भएमा सर्वदलीय नयाँ चुनावी सरकार बनाएर नयाँ नेपालको सुनौलो भविष्य निर्माण गर्न राजासहित सबै पक्षका नेपालीहरू गोलवद्ध भएर क्रियाशील हुनुपर्दछ ।

७. **निष्कर्ष** : यो २०६० साल हो । तसर्थ यो १०१७ साल पनि होइन र हतियार भएपछि जे पनि गर्न सकिन्छ भन्ने निरङ्कुशताको जंगली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युग पनि होइन, किनभने आजको युगमा कसैलाई बन्दुक देखाएर केही समयसम्म त चुप लगाउन र निरीह बनाउँन सकिएला, तर लामो समयसम्म आफूलाई अत्यन्त शक्तिशाली सम्झनें कुनै पनि मानिस चाडो-ढिलो समाप्त भएको संसारको मानव इतिहास साक्षी छ । तसर्थः

गर्ने विध्वंस ती हात लगाऊ है विकासमा ।
विध्वंसले हुँदै हुन्न बस्नै पाइन्न शान्तिमा ॥
नेपाली एकले अर्को नेपाली भाइ-मारिंदा ।
शान होला कहाँ हाम्रो सिरै झुक्नेछ सर्वदा ॥ तसर्थ
नेपाल बाँचोस् सब हामी बाँचौं ।
नेपालमा नै जिउँ अर्पिराखौं ॥

अतः उल्लिखित भावनाको परिपूर्ति गर्न संविधान संशोधनबाट मात्र सम्भव छ । संविधान सभाको निर्वाचनमा जाँदा त्यो सम्भव नभएका धेरै आधारहरू छन्, किनभने क-कस्को के कस्तो कुटिलचाल त्यहाँ लुकेको छ, अब त नेपालीहरू सबैले बुझिसकेका छन् र भविष्यमा पनि झन्-झन् बुझ्दै जानेछन् । यस भन्दा धेरै आज यहाँ नदेखौं ।

जय नेपाल !!!
जय नेपाली जनता !!!
जय नेपाली एकता !!!

द्रव्टव्य : राष्ट्रियहितलाई सर्वोपरि राखी यो प्रारूप-पत्र छलफलका लागि मात्र नभएर वर्तमान जटिलतम राजनैतिक निकासको आधार हुनसक्नेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय भनाइ

आज सिङ्गो नेपाल नै अत्यन्तै जर्जरित अवस्थावाट गुज्रिरहेको छ। यस अवस्थावाट नेपाल र नेपालीहरूको अस्मिता जोगाएर स्वाभिमानी नेपाली भएर वाँच्न र वँचाउने काममा सम्पूर्ण नेपालीहरू गोलवद्ध भएर अगाडि वढ्नुपर्दछ, होइन भने नेपाल र नेपालीहरूको अवस्था यसभन्दा पनि अरू वढी भयावह भएर जाने निश्चित जस्तै देखिएकाले सवै नेपालीहरूलाई क्षमता अनुसार अवसर प्रदान गर्ने **रोजगारमूलक शिक्षानीतिमा आमूलपरिवर्तन** र आग्रह र पूर्वाग्रह नराखी नेपाली नै भएर नेपालीको हैसियतमा मात्र सोच्ने हो भने सवै विचारधाराका नेपालीहरूलाई ग्राह्य हुने **संविधान संशोधनको प्रारूप** स्वाभिमानी तपाईं नेपाली भाइ-दाजु, वहिनी-दिदीहरू समक्ष प्रस्तुत गरेको छु, जसले वर्तमान जटिलतम राजनीतिको निकास दिन सक्नेछ भन्ने मलाई पूर्ण विश्वास छ। प्रस्तुत पुस्तिकामा यसभन्दा वढी नलेखौं, किनभने यसभन्दा वढी लेख्नु लेखकीय धर्मभित्र पर्दैन।

प्रस्तुत कृति प्रकाशनार्थ प्रकाशनपूर्व नै आर्थिक सहयोग गर्ने मित्रहरू: श्रीहेमाङ्गराज अधिकारी, श्रीसीताराम अधिकारी, श्रीश्यामप्रसाद ढुङ्गेल, श्रीमहेन्द्रभूषण थापा, श्रीरत्नजङ्ग कार्की, श्रीयादवप्रसाद गौडेल, श्रीहरिप्रसाद उपाध्याय, श्रीचक्रपाणि उपाध्याय, श्रीनारायणप्रसाद अधिकारी, श्रीकृष्ण अधिकारी, श्रीकृष्णप्रसाद भण्डारी, श्रीवासुदेव भण्डारी, श्रीथानेश्वर अर्याल, श्रीलक्ष्मीशरण अधिकारी, श्रीभेष वहादुर थापा, श्रीशोभाकान्त गौतम, श्रीवोधराज ढकाल, श्रीगणेशप्रसाद न्यौपाने, श्रीनारायण ढकाल, श्रीहेमराज वराल र नाम उल्लेख नगर्ने भनी सहयोग गर्ने मित्रहरूका साथै प्रकाशनपछि पनि सहयोग गर्ने मित्रहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

लेखक तथा प्रकाशक

प्रा. डा. भूपति ढकाल "कमल"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशित कृतिहरू

१. स्वदेशिएका जोडी २०३७ (उपन्यास) ।
२. श्रद्धाञ्जलि २०३९ (शोककाव्य-प्रथम संस्करण, २०५५ द्वितीय संस्करण) ।
३. नेपाली व्याकरणको संक्षिप्त दिग्दर्शन २०३९ प्रथम संस्करण, २०४४ द्वितीय संस्करण ।
४. केही कृतिको विवेचना र अभ्यासमूलक नेपाली २०४० ।
५. जय नेपालमा सिङ्गो नेपाल बोल्छ २०४१ ।
६. नेपाली कांग्रेसको संक्षिप्त विश्लेषण २०४७ प्र.सं., द्वि.सं. कटुसत्य एवं नेपाली कांग्रेस सुदृढीकरण र स्वावलम्बी ग्रामीण कार्यक्रमसमेत ।
७. हाम्रा चाहना-२०५० ।
८. प्रजातान्त्रिक समाजवाद आजको आवश्यकता र रछानमा फाल्न खोजिएका फाइलवाट-२०५१ ।
९. आह्वान-२०५२ ।
१०. म घायल सिंह हुँ, तर हिंसा गर्दिन-२०५२ ।
११. विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष-२०५६ ।
१२. विश्वेश्वरप्रसाद कोइराला दोषी चश्मा र श्वेत भैरवीमा-२०५८
१३. विश्वेश्वरप्रसाद कोइराला छवटा उपन्यासहरूमा-२०५८ ।
१४. विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण-२०५८ ।

रेडियो नेपाल र थुप्रै पत्रपत्रिकाहरूमा कविता, कथा, समालोचना, विविध विषयका लेख-रचनाहरू प्रसारित एवं प्रकाशित र केही पुस्तक तथा पत्रिकाहरूको समेत सम्पादनका साथै विभिन्न पत्रिकाका स्तम्भ लेखक एवं सम्पादक र 'कर्णधार' मासिक पत्रिकाको प्रकाशक/प्रधान सम्पादक ।

Jayatu Sanskritam, Kathmandu, Nepal